जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १९२ • २०८० साल मंसिर २४ गते आइतबार (10 December, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

### मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्नातकोत्तर

# प्रादेशिक अस्पतालमा विज्ञ चिकित्सकहरुको सेवा थप

**टुडे समाचारदाता**

जनकपुरधाम ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्नातकोत्तर अध्यापन हुने भएको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शास्त्र अध्ययनतर्फ ७ वटा सिट पाएको छ।

चिकित्सा शिक्षा आयोगले सार्वजनिक गरेको सूचना अनुसार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शास्त्रतर्फ स्नातकोत्तरमा अध्ययनका लागि विभिन्न ४ विधामा ७ वटा सिट पाएको छ। आयोगका अनुसार प्रतिष्ठानले स्त्री तथा प्रसूति रोग विभागतर्फ २, इन्टर्नल मेडिसिन विभागतर्फ २, जनरल सर्जरी विभागतर्फ २ र बालरोग विभागतर्फ १ सिट पाएको छ।

यसअघि प्रतिष्ठानमा स्त्री तथा प्रसूति रोग विभाग र बालरोग तर्फको अध्ययन हुँदै आएकोमा यस वर्ष जनरल सर्जरी र इन्टर्नल




मेडिसिन थप गरिएको छ। स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्नातकोत्तर अध्ययन हुने भए पछि यहाँका प्रादेशिक अस्पतालमा देखिएका स-साना समस्याहरु समाधान हुने विश्वास लिइएको छ।

मधेश प्रदेशलाई स्वास्थ्यको क्षेत्रमा आमूल परिवर्तन गर्नकै लागि मधेश प्रदेश सरकारद्वारा प्रतिष्ठानको अवधारणा ल्याइएको थियो। सरकारले यहाँका कलेजहरुमा एमवीवीएस, एमडी लगायतका सिट दिन आलटाल गरेपछि तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वका सरकारले स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन गरेको थियो।

विभिन्न बाधा अडचनहरु पार गर्दै प्रतिष्ठानले यस बर्ष भने सात वटा सिट पाएपछि प्रतिष्ठान नेपाल सरकारबाट आबद्ध पनि भएको छ। यसभन्दा पहिला प्रतिष्ठानलाई सरकारले मान्यता दिने हो कि होइन भनी विभिन्न आकलनहरु गरिएको थियो। तर, यस पटक भने त्यो अन्योलता हटेको छ।

मधेश प्रदेशमा आठवटा प्रादेशिक अस्पतालहरु छन्। प्रदेशमा रहेका ८ वटा जिल्ला अस्पतालहरुलाई मधेश प्रदेश सरकारले स्तरोन्नति गर्दै प्रादेशिक अस्पताल बनाएका थिए। तर, दक्ष जनशक्तिको अभावका कारण मधेश प्रदेश सरकारले सोचे अनुरुपको काम भने हुन सकेको थिएन्। अब विभिन्न विधामा सातवटा चिकित्सक प्रत्येक वर्ष उत्पादन हुने देखिएको छ। प्रतिष्ठानले आगामी दिनमा सिट संख्या बढ्न सक्ने जनाएको छ।

हालका लागि सातवटा सिट दिइएको छ आगामी दिनमा सिट संख्या बढ्न सक्ने भएपछि यहाँका प्रादेशिक अस्पतालहरुमा देखिएको समस्याहरु विस्तारै-विस्तारै समाधान हुने भएको छ। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रतिष्ठानमा बढी सिट दिन अडान लिएका थिए। आगामी दिनमा थप सिट दिने अहिलेको लागि प्रतिष्ठानलाई व्यवस्थित गर्नका लागि आग्रह गरिएपछि मुख्यमन्त्री यादवले भने सहमति जनाएका थिए।

मधेश प्रदेश सरकारले प्रतिष्ठानलाई सवल बनाउन र एमवीवीएस देखि एमडी सम्मको अध्ययन अध्यापनका लागि केन्द्र सरकारलाई पटक-पटक ध्यानाकर्षण गराउँदै मधेश प्रदेशमा स्वास्थ्य सम्बन्धी समस्या निराकरणका लागि सचेत गराउँदै आएका छन्। मधेश प्रदेश सरकार शिक्षा, स्वास्थ्य लगायत खेलकुद र विकास निर्माणलाई प्राथमिकता दिँदै केन्द्र सरकारसंग अधिकार प्रत्यायोजनका लागि अडान लिदै आएका छन्।

## ब्राउन सुगर सहित चौधरी पक्राउ

**टुडे समाचारदाता**

राजविराज। प्रतिबन्धित लागू औषधसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ। सप्तरीको सुरुङ्गा नगर पालिका-५ कुशहा टोलको २७ वर्षीय उमेश चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।

ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको प्रहरी टोलीले शनिबार कुशहा सडक खण्डमा चेकजाँचको क्रममा चौधरीलाई ०.३५ एमजी ब्राउनसुगर जस्तो देखिने वस्तु सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुंडीराज न्यौपानेले जानकारी दिए।

चौधरीले लगाएको जिन्सपाईन्टको गोजीबाट बरामद उक्त वस्तु सहित उनलाई नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

मधेश प्रदेशका विभिन्न जिल्लाहरुमा लागू औषधको कारोवार दिन प्रतिदिन बढ्दै गएको प्रहरीले जनाएको छ। खुल्ला सिमानाका भएका कारण भारतमा सहजै भेटाउने लागू औषधहरु ल्याउन यहाँका युवाहरु बढी सक्रिय रहेको प्रहरीले जनाएको छ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल
ANJANI SUITE
विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था




सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

भर्ना सम्बन्धी सूचना
केही सिट मात्र बाँकी रहेकोले समयमै आवेदन फाराम भरी मौकाको फाइदा उठाउनुहोस्।
फाराम भर्ने अन्तिम मिति : २०८०/०८/२८
प्रवेश परीक्षा मिति : २०८०/०८/३०
. BE CIVIL — 4 years
. BBA — 4 years
. MBA — 2 years
भुकम्प प्रतिरोधात्मक तथा भौतिक पूर्वाधारले सम्पन्न जनकपुरमा अवस्थित आफ्नो ठुलो भवन
CENTRAL ENGINEERING COLLEGE
जनकपुधाम (रामानन्द चौक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel: 041-527336, 980114336, 9854024600, 9851048617, 9801048617
email: centralegg@gmail.com

कमला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माची झिटकहिया, धनुषा
मधेश प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भुमिका निर्वाह गरौं।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं। कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ। आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो। तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं। तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।

# ‘बालबालिकाको क्षमता अभिवृद्धिमा अभिभावकको भूमिका महत्वपूर्ण’

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले बालबालिकाको क्षमता अभिवृद्धिमा अभिभावकको भूमिका महत्वपूर्ण रहने धारणा राखेका छन् । सौगात मोन्टेसरी स्कुलद्वारा शनिबार यहाँ आयोजित ‘सौगात आइकन २०८० सिजन ७’मा सम्बोधन गर्दै बालबालिकालाई सही समयमा सही वातावरण सृजना गरी उनीहरुको क्षमता अभिवृद्धिमा अभिभावकको भूमिका महत्वपूर्ण हुने भनाइ व्यक्त गरे ।

“हामीले बालबच्चालाई जुन वातावरण दिन्छौँ । जुन संस्कार संस्कृति दिन्छौँ, सोहीअनुरुप व्यवहारमा देखाउने गर्छन् । भोलिका युवाको निर्धारण आजका बालबालिकाले गर्छन् । यसमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ । आफ्ना बालबच्चा कस्ता बनाउने भनी अभिभावकले ध्यान दिनुपर्छ”, डा शर्माले भने ।

मोन्टेसरी स्कूल प्रमुख राज्य लक्ष्मी श्रेष्ठले यस्ता कार्यक्रमले बालबालिकाको सामाजिक व्यवहार र सीप विकासमा भूमिका खेल्ने धारणा व्यक्त गरे । विद्यालयले विसं २०७३ देखि बालबालिकाको नेतृत्व क्षमता अभिवृद्धि, आत्मविश्वास र सञ्चार कौशल सुधार गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रममा विभिन्न नेपाली भेषभुषामा सांस्कृतिक नृत्य, फेसन शो, प्रश्नोतरमार्फत विद्यार्थीले प्रतिभा देखाएका थिए ।

कूल २१ विद्यार्थी सहभागी सो कार्यक्रममा छात्रातर्फ क्रिस्मा पन्थी र छात्रतर्फ निर्भिक गौतम उत्कृष्ट भएका छन् । फस्ट रनर अप आरभ यादव र सर्लिन श्रेष्ठ र सेकेन्ड रनर अप समिप सुवेदी र आभ्या गौतम भए । प्रतिस्पर्धामा सहभागी सम्पूर्ण विधार्थीलाई विभिन्न विधामा सम्मान गरिएको थियो ।

# एमालेको सङ्कल्प यात्रा बागमती प्रदेशमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)को ‘झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा’ बागमती प्रदेश प्रवेश गरेको छ ।

बागमति प्रदेश प्रवेशका क्रममा उक्त टोलीलाई आरुघाटमा भव्य स्वागत गरियो । टोलीलाई पार्टीका नेता तथा कार्यकर्ताले फूलमालाले स्वागत गरेका थिए । एमाले गण्डकी प्रदेशको टोलीले बागमतीको टोलीलाई झण्डा हस्तान्तरण गरी धादिङ प्रदेश गराएको हो ।

बागमती प्रदेश प्रवेश गर्नुअघि गोरखाको आरुघाटतर्फ आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष केपी शर्मा ओलीले पार्टीले सुरु गरेको यस यात्रा लोकतान्त्रिक आचरण र प्रणालीलाई बलियो बनाउनका लागि भएको बताए । राष्ट्रियता, सुशासन र समृद्धिका लागि अभियान प्रभावकारी भएको उनको भनाइ थियो ।

गण्डकी प्रदेशको गोरखा र बागमती प्रदेशको धादिङको सिमाना आरुघाट हुँदै सल्यानटार उक्लिएर शनिबार दिउँसो सो टोली नुवाकोटतर्फ लागेको थियो । नुवाकोट मध्यपहाडी राजमार्गको मध्यविन्दु हो । एक हजार आठ ७९ किलोमिटर लामो राजमार्गको आधा भाग नुवाकोटबाट पूर्व र आधा भाग पश्चिमतर्फ पर्छ । सो यात्रामा पार्टी अध्यक्ष ओलीसहित वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङलगायतका नेतालगायत छन् ।

एमालेको समृद्धिका लागि सङ्कल्प यात्राअन्तर्गत सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको यात्रा गरिसकेको छ । मङ्सिर १४ गते मध्यपहाडी राजमार्गको पश्चिमी सुरुवाती विन्दु बैतडीको झुलाघाटबाट यात्रा सुरु भएको एमालेको यात्रा पूर्वी सीमाविन्दु पाँचथरको चिवाभञ्ज्याङमा पुगेर टुङ्गिनेछ ।

# ‘दलहरुले आफ्ना सांसदलाई प्रशिक्षण दिएर संसद्मा पठाउनुपर्छ’

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद राजेन्द्रप्रसाद पाण्डेले सबै राजनीतिक दलले आफ्ना सांसदलाई प्रशिक्षण दिएर संसद्मा पठाउनुपर्ने बताएका छन् ।

जिम्मेवारी र दायित्वका हिसाबले विधायिकी भूमिकामा बढी केन्द्रित हुनुपर्ने सांसद सत्ताको राजनीतिमा लिप्त हुँदा सदनको मुख्य काम नै ओझेलमा परेकाले प्रशिक्षण आवश्यक भएको उनी ठान्छन् ।

विसं २०४८, २०५१, २०५६ मा प्रतिनिधिसभा सदस्य रहेका पाण्डे २०७० मा संविधानसभा सदस्य थिए । २०७४ मा प्रदेशसभा सदस्य रहनुभएका उनी २०७९ को निर्वाचनमा धादिङ-१ बाट प्रतिनिधिसभा सदस्यमा चुनिए । २०४८ सालमा आफू पहिलोपटक संसद् छिर्दा संसदीय अभ्यास, अनुशासन, मर्यादा, भूमिका, जिम्मेवारीलगायत विषयमा पर्याप्त प्रशिक्षण हुने गरेको उनी स्मरण गर्छन् ।



> अधिकांश सांसदको दिमागमा संसद्मा आउनु भनेको मन्त्री बन्नु हो भन्ने परेको छ । मन्त्री हुन पाइएन भने सांसद भएको अर्थ नै भएन भन्ने बुझाइसमेत राख्ने गरेका छन् । मन्त्री बन्नका लागि हुने दौडधुप त्यस्तै मनोवृत्तिको परिणाम हो ।

“हामी संसद्मा आउने बित्तिकै सांसदलाई प्रशिक्षण दिइन्थ्यो र संसद्मा कसरी प्रस्तुत हुने तरिका सिकाइन्थ्यो । अर्थतन्त्रका विषयमा अर्थशास्त्रीसँग, ज्ञान-विज्ञानका क्षेत्रमा त्यस क्षेत्रका विज्ञ र जानकारसँग छलफल गर्थ्यौं । आजकाल त्यो भएको देखिँदैन”, सांसदसँग रासस संवादका क्रममा उनले भने, “कुनै पनि दलले त्यसरी प्रशिक्षण दिएर आफ्ना सांसदलाई संसदीय अभ्यासमा अभ्यस्त बनाउन सकेका छैनन् । सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका दलले आफ्ना सांसदलाई प्रशिक्षण दिएर संसद्मा उतार्नुपर्छ ।”

पछिल्लो समय संसद् प्रभावकारी हुन नसकेको भन्दै जनस्तरबाटै आलोचना भइरहेका बेला पाण्डे पनि संसद् र सांसदले आफ्नो विधायिकी भूमिका निर्वाह गर्न नसकेको स्वीकार गर्छन् । “हामीले कानुन बनाउनका लागि जति धेरै समय दिनुपर्थ्यो, त्यो दिन सकेका छैनौं । कहिले सुन प्रकरण, कहिले भुटानी शरणार्थी प्रकरणका नाममा पटक-पटक संसद् अवरोध भएका छन् । संसद्मा बढीभन्दा बढी अभ्यास गर्ने र जनजीविकाका कुरा राख्ने सवालमा हामी निकै कमजोर देखियौँ”, उनी भन्छन् । सबै राजनीतिक दलले जनजीविकासँग जोडिएका महत्वपूर्ण विषयलाई संसद्मा ल्याएर गहन छलफलमार्फत निकास दिनुपर्ने उहाँको बुझाइ छ । त्यस्ता विषयमा सत्तापक्षका सांसदले सरकारबाट चाँडो निर्णय गराउने र प्रतिपक्षले संसद्बाट खबरदारी गर्नुपर्ने पाण्डे बताउछन् ।

संसद् भनेको सरकार निर्माणका लागि मात्रै हो भन्ने बुझाई सांसदमै हावी हुँदै गएको उनी बताउछन् । “अधिकांश सांसदको दिमागमा संसद्मा आउनु भनेको मन्त्री बन्नु हो भन्ने परेको छ । मन्त्री हुन पाइएन भने सांसद भएको अर्थ नै भएन भन्ने बुझाइसमेत राख्ने गरेका छन् । मन्त्री बन्नका लागि हुने दौडधुप त्यस्तै मनोवृत्तिको परिणाम हो ।” उनले भने ।

संसदीय अभ्याससँग जोडिएका कतिपय शैली, प्रक्रिया आजकाल प्रयोगमा आउन नसकेको उनको बुझाइ छ । “संसद्मा सबै सांसदले आफ्ना कुरा राख्नका लागि पर्याप्त समय नै हुँदैन । तर संसद्भित्र हामीले अभ्यास गर्नसक्ने र नगरेका धेरैवटा विषय छन्”, उनी भन्छन्, “हामीले ध्यानाकर्षण प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव राख्न पाउँछौं । मन्त्रीहरुलाई प्रश्न गर्न पाउँछौं । लिखित वा मौखिक प्रश्न पाउँछौं । तर ती अभ्यासलाई हामीले धेरै महत्व दिइरहेका छैनौं ।”

सत्तापक्षले आफ्नो दलको सरकारको विरोध गर्न नसक्ने र प्रतिपक्षले विरोधकै लागि विरोध गर्ने शैली मौलाउँदै गएकोप्रति पनि सांसद पाण्डे चिन्ता व्यक्त गर्छन् । सत्तापक्ष र प्रतिपक्ष दुवै तर्फका सांसदहरुले जनताको हितमा बोल्ने हो भन्ने बिर्सेर दलीय राजनीति तथा सत्ता खिचातानीको खेल संसद्मा खेल्ने गरेको उनको आरोप छ ।

“संसद्भित्र कानुन निर्माण गर्ने भन्दा पनि सत्ता र राजनीति हावी भयो । जहिले पनि विरोध गर्ने प्रवृत्तिको विकास भयो”, उनी भन्छन्, “सत्तापक्ष-प्रतिपक्ष जहाँ बसे पनि आखिर हामी जनताका प्रतिनिधि हौं । जनताकै हितका लागि बोल्नुपर्छ । जनतासँग कबुल गरेर आएका कुरालाई पूरा गर्नेतर्फ सोच्नुपर्छ ।” यस्तो प्रवृत्तिलाई सच्च्याएर नागरिकका आकांक्षा पूरा गर्नेतर्फ संसद् केन्द्रित हुनुपर्ने सुझाव पाण्डे दिन्छन् । समितिको सभापति बनाउन पनि छ महिना लगाउने, स-साना कुरामा पनि सहमति नजुट्ने, प्रतिपक्षले रचनात्मक दबाव दिनेभन्दा पनि अनावश्यक विरोध मात्रै गर्ने प्रवृत्ति मौलाएको उनको बुझाइ छ ।

सदनलाई प्रभावकारी बनाउनु प्रतिपक्षसँगै सरकारको पनि जिम्मेवारी हो । सत्तापक्षले जति मात्रामा विधेयक संसद्लाई दिन सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन । सङ्घीयतासँग जोडिएका करिब तीन दर्जन सङ्घीय कानुन बन्न बाँकी छन् । विधेयक सरकारले संसद्मा ल्याउन सकेको छैन र संसद् पनि प्रभावकारी हुनसकेको छैन । त्यसो हुनु सरकारको कमजोरी भएको उनी व्यक्त बताउछन् ।

“सरकारले कानुन मन्त्रालय र विषयगत मन्त्रालयलाई सक्रिय गराएर संसद्मा जति विधेयक दर्ता गर्नुपर्थ्यो त्यो हुन सकेन । अघिल्ला दुईवटा अधिवेशनबाट हामीले निकै कम विधेयक पास गरेका छौँ । यो सरकारको कार्य क्षमतासँग पनि जोडिएको विषय हो”, सांसद पाण्डे भन्छन् । त्यस्तै प्रत्येक मन्त्रीले आफ्नो मन्त्रालयअन्तर्गतका निकायबाट भए-गरेका कामबारे हरेक साता संसद्लाई जानकारी गराउर्नेमा त्यसो हुन सकेको छैन । नागरिक र जनजीविकासँग जोडिएका विषय संसद्मा उठे पनि त्यसको कार्यान्वयन निकायले के काम गर्यो भन्ने जानकारी सरकारले गराउन नसकेको उनी बताउछन् । जिम्मेवारी बहनमा मात्र नभई संसदीय मर्यादा, अनुशासन पालनामा पनि सांसद चुक्ने गरेका छन् । संसद्मा विवादास्पद अभिव्यक्ति दिने, एकअर्कालाई अनावश्यक आक्षेप र लाञ्छना लगाउने, तथ्यभन्दा बाहिर रहेर भ्रम सिर्जना गर्ने अभिव्यक्ति दिनेजस्ता काम सांसदबाटै हुने गरेका छन् । यसबारे पनि सांसद जिम्मेवार हुन नसकेको उनको भनाइ छ ।

“जतिसुकै चित्त नबुझे पनि संसदीय मर्यादाभन्दा बाहिर रहेर अभिव्यक्ति दिनुहुँदैन । पुराना मात्र नभई नयाँ दलका अभिव्यक्ति पनि संसदीय मर्यादाभन्दा बाहिर गएर आउने गरेका छन्”, उनी भन्छन्, “प्रतिपक्ष भएपछि विरोध मात्रै गर्नुपर्छ र विरोध गर्दा जनतामा आफ्नो भूमिका निर्वाह गर्‍यो भन्ने छाप पर्छ भन्ने बुझाइ प्रतिपक्षमा छ । अर्कोतर्फ सरकारले गरिरहेको कतिपय कुरा सत्तापक्षकै सांसदलाई पनि चित्त बुझिरहेको हुँदैन । तर सरकारको विरोधमा बोलिहाल्न गाह्रो हुन्छ । यस्ता कठिनाइ पनि छन् ।” प्रतिपक्षले संसद्मा लैजाने विषय खोज्ने र ती विषयमा प्रतिप्रश्न गर्ने शैलीले काम गर्नेभन्दा विरोधका लागि मात्रै विरोध गरेको सांसद पाण्डेको बुझाइ छ ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको एक वर्ष बितिसकेको छ । निर्वाचनताका जनतासँग गरेका प्रतिबद्धता र अहिलेसम्म हासिल भएका उपलब्धिबारे प्रश्न गर्दा सांसद पाण्डेले आफू सन्तुष्ट नरहेको जवाफ दिए । सांसदका रुपमा आफ्नो पछिल्लो कार्यकाललाई कसरी लिनुहुन्छ ? भन्ने प्रश्नमा उनले सन्तोषजनक काम गर्न नसकेकै कारण व्यवस्थामाथि चुनौती देखिएको स्विकार गरे । “निर्वाचन पछिको एक वर्ष त्यति राम्रो र सकारात्मक छ भन्नसक्ने अवस्था छैन । हाम्रो कार्यशैलीमा कमजोरी भएकै कारणले एकथरि मान्छेहरु अहिले व्यवस्था माथि नै प्रश्न गर्न थालेका छन्”, उनी भन्छन्, “राजनीतिक अभ्यास, संसदीय अभ्यास नबुझेका मानिसहरुले सडकमा बसेर हामी व्यवस्था बदल्छौं भनिरहेका छन् । सरकार ढाल्छौं, संविधान फेर्छौं, राजा ल्याउँछौं भनिरहेका छन् । हुन त कसैले भनेकै भरमा सजिलै राजा ल्याउन सकिन्छ भन्ने मलाई लाग्दैन । तर यो सबै भइरहेको पनि हाम्रै कमजोरीका कारण भइरहेको हो भन्ने लाग्छ ।”

अब सच्चिएर र सच्च्याएर जानुको विकल्प नरहेको पनि उनले स्पष्ट पारे । सरकारले राम्रो काम गर्दा सत्तापक्ष-प्रतिपक्ष दुवैले त्यसलाई जनतासम्म पुर्‍याउनका लागि भूमिका निर्वाह गर्नुपर्ने र मुख्यगरी प्रतिपक्षले सरकारले गरेका कमिकमजोरीलाई जनतासम्म पुर्‍याउन रचनात्मक ढङ्गले अघि बढ्नुपर्ने उनको बुझाइ छ । तर यी मामिलामा सत्तापक्ष र प्रतिपक्ष दुवै चुकेकाले अबको दिनमा सच्याएर जानुपर्ने पाण्डे बताउछन् । त्यस्तै, पछिल्लो समय सङ्घीयताको प्रभावकारिता माथि पनि प्रश्न उठिरहेका छन् । योभन्दा अघिल्लो कार्यकाल प्रदेशसभामा रहेका पाण्डे केन्द्र सरकारले सङ्घीय कानुन निर्माण नगरिदिएका कारण प्रदेश कमजोर भएको बताउछन् ।

“प्रदेशलाई अधिकार नदिने तर काम गरेन भनेर गाली मात्रै गरेर हुँदैन । संविधानमा प्रदेश प्रहरी हुने भनेर व्यवस्था छ । तर प्रहरी समायोजन भएको छैन । सङ्घीय निजामती सेवा ऐन अझै बनिसकेको छैन । शिक्षा ऐनलगायत कानुन आउन सकेको छैनन्”, उनी भन्छन्, “सङ्घीयतालाई बल दिने खालका ३०/३२ वटा कानुन अझै बन्न सकेका छैनन् । प्रदेशलाई अधिकारसम्पन्न बनाएर जानपर्छ । हामीले चाहेको प्रतिस्पर्धात्मक सङ्घीयता होइन, सहकार्य र समन्वयात्मक भूमिकासहितको सङ्घीयता हो । सङ्घ, प्रदेश र स्थानीय सरकार मिलेरै चलाउने हो । केन्द्रले स्थानीय तहलाई, प्रदेशले पनि स्थानीय तहलाई पैसा मात्र दिएर भएन, अधिकार पनि दिनुपर्र्छ ।”

# पन्ध्र बिघामा गरिएको गाँजाखेती नष्ट

**टुडे समाचारदाता**



मलङ्गवा । सर्लाही प्रहरीले लालबन्दी नगरपालिका -१४, नारायण खोलास्थित १५ बिघा क्षेत्रफलमा लगाइएको गाँजा खेती नष्ट गरेको छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला नेतृत्वको सुरक्षाकर्मीको टोलीले गाँजा खेती नष्ट गरेको हो । नारायण खोला र आसपासका क्षेत्रको विशाल भूभागमा गाँजाखेती गरिएको सूचनाका आधारमा परिचालन भएको सुरक्षाकर्मीको टोलीले १५ बिघा क्षेत्रफलमा लगाएको गाँजा नष्ट गरेको सर्लाहीका प्रहरी प्रमुख प्रवीण धितालले जानकारी दिए ।

गाँजा नष्ट गर्न जिल्ला प्रहरी कार्यालय मलङ्गवा, नेपाल प्रहरी विशेष सुरक्षा गण ढल्केवर, सशस्त्र प्रहरी सुरक्षा बल लालबन्दी र इलाका प्रहरी कार्यालय लालबन्दीबाट एक सय ५० जनाभन्दा बढी सुरक्षाकर्मी परिचालन भएका थिए ।

प्रहरीले प्रत्येक वर्ष सर्लाहीको चुरे क्षेत्रमा गाँजा फडानी गर्दै आएको छ तर स्थानीयले गाँजाखेती गर्न छाडेका छैनन् । सडक नपुगेको र खोलाको बगर भएर जानुपर्ने जिल्लाकै सबैभन्दा दुर्गम भेगमा पर्ने चुरेक्षेत्रस्थित नारायण खोलाका स्थानीयले केही वर्षदेखि अन्य बाली लगाउन छाडेर गाँजाखेती गर्दै आएका छन् । सर्लाहीको बागमती, हरिवन, लालबन्दी र ईश्वरपुर नगरपालिकाअन्तर्गत पर्ने चुरे क्षेत्रको डाँडाकाँडामा गाँजाखेती रोकिएको छैन ।

# परराष्ट्रमन्त्री साउद कतार प्रस्थान

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकास (एनपी) साउद शनिबार कतार प्रस्थान गरेका छन् । दोहा सम्मेलनमा सहभागी हुन उहाँ आज त्यसतर्फ प्रस्थान गरेका हुन् ।

आइतबारदेखि कतारमा सुरु हुन गइरहेको दोहा २१औं फोरममा सहभागिता जनाउने क्रममा परराष्ट्रमन्त्री साउदले इजरायलमा बेपत्ता विपिन जोशीको रिहाइको विषय गम्भीरताका साथ उठाउने उनका प्रेस संयोजक केशव साउदले जानकारी दिए । कतारमा रहँदा मन्त्री साउदले आफ्नो कतारी समकक्षीसँगै विदेश राज्यमन्त्री सुल्तानबिन साद अल-मुखारीसँग भेटवार्ता गर्नेछ ।

मन्त्री साउदले यसअघि यही मङ्सिर ८ गते राज्यमन्त्री मुखारीसँग परराष्ट्र मन्त्रालयमा भएको भेटमा पनि जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरेको थियो । यस्तै उनले मङ्सिर ७ गते नेपालका लागि इजरायलका राजदूत हनान गोडरलाई मन्त्रालयमा बोलाई जोशीको रिहाइका बारेमा छलफल गरेको मन्त्री साउदको स्वकीय सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री साउदले शुक्रबार मात्रै विपिनको रिहाइका विषयमा इजरायल सरकारका बन्दी तथा बेपत्ता व्यक्तिहरुको विषय हेर्ने संयोजक गल हर्चसँग कुराकानी गरेको उनका स्वकीय सचिव दीपक जोशीले जानकारी दिए । नेपाल र इजरायलबीचको ऐतिहासिक सम्बन्धका सन्दर्भमा यस मानवीय सहयोगले विशेष अर्थ राख्ने पनि परराष्ट्रमन्त्रीले स्पष्ट पारेको जोशीले बताए ।

जवाफमा संयोजक हर्चले इजरायलले जोशीलाई पारिवारिक सदस्य जस्तो मानेको र उनको रिहाइलाई प्राथमिकताका साथ ध्यान दिने आश्वासन व्यक्त गरे । सुदूरपश्चिम विश्वविद्यालयबाट ‘अर्न एन्ड लर्न’ कार्यक्रमअन्तर्गत अध्ययनका लागि जोशी इजरायल गएका थिए ।

# कांग्रेसको मुखपत्र २६ वर्षपछि पुनः प्रकाशित हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको मुखपत्र ‘नेपाल पुकार’ २६ वर्षपछि पुनः प्रकाशित भएको छ । विसं २००४ मा कांग्रेस स्थापना हुनुभन्दा पहिलेदेखि छापिँदै आएको ‘नेपाल पुकार’ विसं २०५४ देखि बन्द रहे पनि अहिले आएर पुनः प्रकाशित हुन लागेको हो ।

पार्टीको केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागका प्रमुख मीन विश्वकर्माले विसं २०५४ देखि बन्द रहेको नेपाल पुकारलाई त्रैमासिक रुपमा प्रकाशन गर्नेगरी पुनः प्रकाशनमा ल्याइएको जानकारी दिए ।

विसं २००४ देखि मासिक, पाक्षिक र साप्ताहिक रुपमा प्रकाशन हुँदै आएको उक्त पत्रिका विसं २०५४ देखि भने पूर्ण रुपमा बन्द रहेको थियो ।

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको बीरगंज महानगरपालिका, वार्ड नं. ८, नेपाल टेलिकम पछाडिबाट मिति २०७९/६/२४ गते करिब साँझ ७:३० बजे प्रदेश २-०३-०१२ प ९८१६ नम्बरको कालो र रातो रंगको ईन्जिन नं. DHYRLF5808 चेचिस नम्बर MD2A11CY12PF54780 को बजाज कम्पनीको Pulser 150 cc हिम इलेक्ट्रोनिक्स प्रा.लि. को नाउँमा दर्ता रहोको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः सरोज कुमार साह**
**ठेगाना: बीरगंज म.न.पा.-१०, घडिअर्वा टोल**
**मो. नं. ९८५१२७६२८३**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पशुपतिमा बालाचर्तुदशीको तयारी पूरा



**टुडे समाचारदाता**

काठमाण्डु । पशुपति क्षेत्र विकास कोषले बालाचर्तुदशी पर्वका लागि सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। पशुपतिनाथ मन्दिर परिसरमा आइतबार रातिदेखि सुरु हुने बालाचतुर्दशी पर्वका लागि सम्पूर्ण तयारी पूरा गरेको कोषका सदस्यसचिव राजुकुमार खत्रीले जानकारी दिए । उनका अनुसार कोषले बालाचर्तुदशीको अवसरमा दीपप्रज्ज्वलनदेखि 'कोर' क्षेत्रमा शतबीज छर्ने व्यवस्था मिलाइएको जनाएको छ।

आफ्ना दिवङ्गत भएका पितृहरूको सम्झनामा मृतकका आफन्तजनबाट रातभर दीप प्रज्ज्वलन गरी भोलिपल्ट शतबीज छर्ने भएकाले उनीहरूको सुरक्षादेखि सहज ढङ्गले कार्यसम्पन्न गर्नेसम्मको व्यवस्था कोषले मिलाएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताए । उनले भने, "नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा मूल शिविर बनाई संयुक्त सुरक्षा योजनाअनुसार भक्तजनको सुरक्षाका लागि कोर क्षेत्रमा शतबीजमार्ग र बत्ती बाली बस्ने स्थानमा पर्याप्त सुरक्षाकर्मी खटाइने भएको छ।"

यसैगरी मृगस्थलीभित्र मृग राखेको स्थानमा पनि शतबीज छर्ने परम्परा भएको मृगस्थली प्रवेश गर्ने द्वारमा पनि विशेष सुरक्षाकर्मीको टोली परिचालन गरिने कोषले जनएको छ। कोषले पर्व, मेला र विशेष अवसरमा चोरीका घटना पनि हुनसक्ने सभावनालाई मध्यनजर गरी बहुमूल्य गरगहना लगाएर नआउन पनि भक्तजनलाई आग्रह गरेको छ । यसैगरी छालाको जुत्ता पनि नलगाइदिन अनुरोध गरिएको छ।

मदिराजन्य पदार्थ बिक्री वितरण हुन नदिन तथा अन्य अवाञ्छित गतिविधि नहोस् भन्नका विशेष सुरक्षा टोली परिचालन गर्नुका साथै ठाउँ ठाउँमा सिसी क्यामेरा जोड्ने काम गरिएको कोषका सदस्यसचिव खत्रीले बताए । यसैगरी पशुपतिनाथ मन्दिर परिसरमा यही मङ्सिर २४ गते रातिदेखि सुरु हुने बालाचतुर्दशी पर्वमा जथाभावी शतबीज नछर्न पशुपति क्षेत्र विकास कोषले आग्रह गरेको छ।

आउँदो सोमबार शतबीज छर्दा १३ बुँदे नियम पालना गर्न भक्तजनलाई अनुरोध गरिएको छ। कोषले ढुङ्गा छापेको ठाउँमा शतबीज नछर्न र वृक्षरोपण गरेको ठाउँ र बिरुवाको संरक्षण गर्न तथा बालबालिकाको साथमा परिचयपत्र राख्न आग्रह गरिएको छ। कोषले कैलाश चौरमा पाल राखी बत्ती बाल्न नपाइने तर शतबीज भने छर्न पाइने जनाएको छ। बत्ती बाल्नका लागि कैलाशको फेदी, पशुपतिनाथ मन्दिर परिसर, पशुपति कोरक्षेत्र, हंशमण्डप, चौरसहित वाग्मती नदीको खाली किनारामा व्यवस्था गरिएको जनाएको छ।

बालाचतुर्दशी पर्वलाई लक्षित गरी पशुपति मन्दिरको वरपरका क्षेत्रमा माछा, मासु, जाड-रक्सी र अन्य नशालु लागू पदार्थ सेवन तथा बिक्री/वितरणमा रोक लगाइएको छ । आफ्ना पितृको स्मृतिमा अघिल्लो दिन रातभर बत्ती बालेर जाग्राम बस्ने र भोलिपल्ट बिहानै शतबीज छर्ने चलन छ।

पशुपतिनाथमा लाग्ने बालाचतुर्दशी पर्वलाई मध्यनजर गर्दै गौशाला मित्रपार्क सडकबाट पूर्व, पशुपति क्षेत्रको पूर्व सिमानादेखि पश्चिम, गौशाला तिलगङ्गा चक्रपथबाट उत्तर, मित्रपार्क-उमाकुण्ड-गौरीघाट हुँदै गुह्येश्वरीबाट दक्षिणभित्रका सबै भागमा यही मङ्सिर २७ गतेसम्म मासु तथा मदिरा उत्पादन, बिक्री, ओसारपसार, भण्डारण र सेवनमा पूर्णरूपमा रोक लगाइएको पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव खत्रीले बताए।

उनले भने, "बालाचतुर्दशी पर्वलाई मध्यनजर गर्दै हामीले जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रदेव भगवान् पशुपतिनाथ मन्दिर परिसर र आसपासका विभिन्न क्षेत्रमा मासु तथा मदिरा उत्पादन, बिक्री, ओसारपसार, भण्डारण र सेवन गर्न नपाइने सूचना प्रकाशित गरेका छौं, उक्त सूचनाको बर्खिलाप हुने गरी कुनै काम गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने छ।"

यसैगरी बालाचतुर्दशी पर्वका लागि पशुपतिनाथमा आउने भक्तजनका लागि नेपाली सेना र पशुपति क्षेत्र विकास कोषले निःशुल्करूपमा (१३ हजार स्क्वाएर फिट) टेन्ट तथा पार्किङको व्यवस्था मिलाएको कोषका सदस्यसचिव खत्रीले बताए। उनले भने, "बालाचतुर्दशी पर्व लाग्ने कैलाशडाँडा र कोर एरियालाई व्यवस्थित बनाइएको छ, भक्तजनलाई कुनै समस्या आउन दिइने छैन।"

पशुपतिनाथमा मङ्सिर २४ र २५ गते लाग्ने बालाचतुर्दशी पर्वलाई सभ्य र भव्यताका साथ सफल पार्नका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा पशुपति क्षेत्र विकास कोषका सम्पूर्ण जनशक्ति खटिएको पशुपति क्षेत्र विकास कोषमा कार्यकारी निर्देशक डा खतिवडाले बताए।

# करेन्ट लागेर हलो जोतिरहेका पुरुष र गोरुको मृत्यु



**टुडे समाचारदाता**

गरुडा । रौतहटको माधवनारायण नगरपालिका ७ लौकाहामा करेन्ट लागेर एक पुरुषको मृत्यु भएको छ। शनिवार बिहान हलो जोतिरहेका स्थानीय बैजुलाल पण्डितको करेन्ट लागेर मृत्यु भएको हो। उनीसँगै करेन्ट लागेर एउटा गोरुको पनि मृत्यु भएको छ।

लौकाहा गाउँ छेउको खेतमा हलो जोतिरहेका बेला खेतमै झरेको ११ हजार भोल्टको तारबाट बगेको करेन्ट लागेर पण्डित र गोरुको मृत्यु भएको प्रहरी इन्स्पेक्टर झलक शर्माले बताए।

घटनाको खबर प्राप्त भएलगतै जिल्ला प्रहरी कार्यालय गौरबाट इन्स्पेक्टर शर्माको कमान्डमा पुगेका प्रहरी टोलीले घटनाबारे अनुसन्धान सुरु गरेको छ । विद्युतको पोलबाट नाङ्गो तार खेतमा कसरी र कुन बेला झरेको हो अहिले यकिन भैनसकेको शर्माले बताए । 'घटनाबारे विस्तृत अनुसन्धान गर्दैछौं, केही निष्कर्ष निस्किएपछि मात्र कारण थाहा हुन्छ' उनले भने । अहिले घटनास्थलको मुचुल्का तथा मृतक पण्डितको शव पोस्टमार्टमका ल लागि प्रादेशिक अस्पताल गौर पठाउने तयारी भइरहेको इन्स्पेक्टर शर्माले जानकारी दिए। घटनास्थल रौतहटको सदरमुकाम गौरभन्दा करिब २० किलोमिटर पश्चिम पर्दछ।

# कोप-२८ सम्मेलन उपलब्धिमूलक : मन्त्री डा महतो

**टुडे समाचारदाता**

दुबई। वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) नेपालका लागि उपलब्धिमूलक भएको बताएका छन् । युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईमा आयोजना भएको सम्मेलनमा सहभागी भई नेपाल फर्कने क्रममा कुरा गर्दै उनले यसपटकको सम्मेलनमा नेपालका मुद्दाबारे चर्चा हुनुका साथै प्राथमिकता पाएको उल्लेख गरे।



कोप-२८ मा सहभागी भएर मन्त्री डा महतो शनिबार स्वदेश फर्केका छन् । उनले सम्मेलनमा नेपालको सरकारी तथा गैरसरकारी प्रतिनिधिको एकै स्वर रहेको र यसपटक नेपालले आफ्ना मुद्दा जोडदाररूपमा उठाएको उल्लेख गरे । "यसपटक हामी वानडोर विन्डोज सिस्टमबाट प्रस्तुत भएका थियौं । यसको परिणाम हाम्रा आवाज प्रभावकारी भएका छन्", उनले भने । युएईको दुबईमा यही मङ्सिर १४ गतेदेखि सुरु भएको उक्त सम्मेलन मङ्सिर २६ गतेसम्म चल्नेछ । यस सम्मेलनको प्रारम्भमै अन्य सम्मेलनको तुलनामा हिमालका मुद्दाबारे चर्चा मात्र भएन यसले प्राथमिकतासमेत पाएको छ। मन्त्री डा महतोले कोप-२८ को पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमण गरेको र नेपाललाई उच्च प्राथमिकतामा राखेकाले पनि यसपटक सम्मेलनमा नेपालका मुद्दाले विश्व मञ्चमा चर्चा भएको बताए।

यसपटकको सम्मेलनमा नेपालको आफ्नै पेभिलियन भएकाले जलवायु परिवर्तनका बारेमा प्रभावकारीरूपमा छलफल तथा अन्तर्क्रिया गरिएको मन्त्री डा महतोले जानकारी दिए। उनले डिसेम्बर ३ मा एसियाली विकास बैंकद्वारा आयोजित मन्त्रिस्तरीय कार्यक्रमलाई सम्बोधन गरेका थिए । यस्तै डिसेम्बर ३ मा नै बैंकद्वारा 'लञ्चिङ मेलम्ची डिजास्टर ड्यामेज एसेसमेन्ट रिपोर्ट' कार्यक्रमलाई पनि मन्त्री डा महतोले सम्बोधन गरेका थिए।

यस्तै डिसेम्बर ५ मा भने मन्त्री डा महतोले 'नेपाल्स मिटिगेशन इफोर्ट्स : रोड टु नेट जिरो' कार्यक्रममा र 'स्केलिङ अप इन्भेष्टमेन्ट इन एड्यप्टेशन द्याट लिभ्स नो वन बिहाइण्ड' विषयक उच्चस्तरीय कार्यक्रममा पनि सम्बोधन गरेका थिए।

डिसेम्बर ६ मा उनले 'बिल्डिङ ब्लक्स अफ क्लाइमेट एम्बिसनः पिपुल, नेचर, एण्ड एक्सन कार्यक्रम र लोकल्ली लेड एड्यप्टेशन प्राक्टिस इन नेपाल' कार्यक्रममा सम्बोधन गरेका थिए। कोप-२८ नेपाल पेभेलियनमा डिसेम्बर ३ देखि ८ तारिखसम्म २५ वटा विभिन्न साइड इभेन्ट्स सञ्चालन भएका थिए । आगामी दिनमा यही पेभेलियनमा अन्य १४ भन्दा बढी साइड इभेन्ट्स हुने मन्त्री डा महतोले जानकारी दिए।

# भारत-नेपाल सांस्कृतिक महोत्सव

**टुडे समाचारदाता**

लुम्बिनी । नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सव आयोजना गरेको छ । शुक्रबार सम्पन्न महोत्सवमा बौद्ध धर्मलाई केन्द्रमा राखी भारत र नेपालको समृद्ध सांस्कृतिक सम्पदा तथा परम्परा प्रस्तुत गरिएको थियो।



महोत्सवको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी नेपालका लागि भारतका लागि राजदूत नवीन श्रीवास्तवले संयुक्तरूपमा उद्घाटन गरे।

त्यस अवसरमा मन्त्री किरातीले महोत्सवका माध्यमबाट दुई देशबीचको बलियो सांस्कृतिक एवं ऐतिहासिक सम्बन्धलाई अझ सुदृढ बनाउन सकिने बताए।

शताब्दीऔँ पुरानो नेपाल र भारतबीचको जनस्तरको सम्बन्धलाई यस्ता महोत्सवले अझ सुमधुर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

राजदूत श्रीवास्तवले हरेक वर्ष लुम्बिनीमा यस्ता महोत्सव आयोजना गरिने बताउँदै त्यसबाट दुवै देशका साझा सम्पदा, परम्परा र संस्कृतिबारे नेपाली र भारतीयलाई जानकारी हुने र त्यसले एकअर्कालाई नजिक ल्याउन सहयोग गर्ने विचार व्यक्त गरे।

यसैबीच, शुक्रबार बेलुका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आन्दोलनरत पक्षसँग कुरा गर्दै मन्त्री किरातीले देश कठिन अवस्थामा रहेका बेला आन्दोलन त्याग्न आग्रह गरे।

उनले नेपाल वायु सेवा निगमसँग पर्याप्त हवाईजहाज नभएकाले लिजमा लिएर भए पनि चाँडोभन्दा चाँडो भैरहवाबाट उडान गर्ने सोचमा सरकार रहेको बताए । मन्त्री किरातीले दैनिक चार वटाभन्दा बढी अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीले एउटा उडान अनिवार्यरुपमा भैरहवाबाट गर्नुपर्ने नियम सरकारले बनाउने बताए।

# कविडाँडा आख्यान पुरस्कार सुवेदीलाई

**टुडे समाचारदाता**

चितवन । कविडाँडा साहित्य समाजले हरेक वर्ष प्रदान गर्दै आएको कविडाँडा उत्कृष्ट आख्यान पुरस्कार २०७९ आख्यानकार डा देवीप्रसाद सुवेदीलाई प्रदान गरिएको छ । उनको ऋग्वैदकालीन उपन्यास 'मनु'लाई यो पुरस्कार प्रदान गरिएको हो । लाल-मीना फाउण्डेसनका अध्यक्ष मीना लामिछाने र कविडाँडा साहित्य समाज चितवनका अध्यक्ष एलबी क्षेत्रीले सम्मानपत्रसहित सुवेदीलाई उक्त पुरस्कार प्रदान गर्नुभएको हो। पुरस्कारको राशि रु एक लाख २५ हजार रहेको छ।

समाजले उक्त पुरस्कारका लागि गत भदौ २३ गते १० वटा उत्कृष्ट आख्यान कृतिको सूची सार्वजनिक गरेको थियो । त्यसपछि दोस्रो चरणमा उत्कृष्ट पाँचवटा कृतिको सूची सार्वजनिक गरियो । सूचीमा सुवेदीको मनु उपन्याससहित जानुका खतिवडाको आतोओडा, विवेक ओझाको ऐँठन, रामलाल जोशीको बाआमा, अशोक थापाको सन्तापको धुन, गोपी सापकोटाको चिसो बाफ, मनोज चौधरीको टुवरा, सञ्जय विष्टको माटाको घर, हरिबोल काफ्लेको यशोधरा र रेणुका जिसीको सनेस रहेका थिए।

बुकहिल पब्लिकेशन्सबाट प्रकाशित सुवेदीको मनु उपन्यास ऋग्वैदिक समाजको परिवेशमा चित्रित सामाजिक-सांस्कृतिक, पौराणिक विषयवस्तुमा आधारित उपन्यास हो । समाजले विसं २०७५ बाट पुरस्कार प्रदान गर्न थालेको हो । मनु उपन्यासले खेमलाल हरिकला समाज कल्याण प्रतिष्ठानले प्रदान गर्ने पद्मश्री पुरस्कार- २०७९ पनि प्राप्त गरेको छ। विसं २०६० मा कविडाँडा साहित्य समाजको स्थापना भएको हो।

# बिहान आठ बजेदेखि बहिरङ्ग सेवा

**टुडे समाचारदाता**

भजनी । कैलालीको टीकापुर अस्पतालले बहिरङ्ग (ओपिडी) सेवा बिहान ८ बजेदेखि सञ्चालन गरेको छ। यसअघि बिहान १० देखि ४ बजेसम्म सञ्चालन हुँदै आएको बहिरङ्ग सेवा बिहीबारदेखि बिहान ८ देखि ४ बजेसम्म सञ्चालन हुन थालेको छ । कार्यालय समयभन्दा अगाडि नै सेवा सुरु गरेपछि कर्मचारी र टाढाका बिरामीका लागि सहज भएको अस्पतालले जनाएको छ।

कार्यालयबाट बिदा लिएर आमाको उपचारका लागि बिहान ८ बजे नाम दर्ता गर्न अस्पतालमा पुगेका टीकापुरका सुवर्ण चौधरीले उपचार ९ बजे नै सकिएपछि बिदा नपरेको बताए । "उपचारका लागि चिकित्सक १० बजेमात्र अस्पताल आउने भएकाले मैले अफिसमा बिदा मागेको थिएँ। आठ बजे नाम दर्ताका लागि जाँदा अस्पतालमा उपचार सुरु भइसकेको थाहा पाएपछि आमालाई घरबाट ल्याएर ९ बजेभित्रै सबै काम सकेँ", उनले भने, "आमाको उपचारको काम सकेपछि अफिसबाट मागेको बिदा फिर्ता गर्दै अफिस पुगेँ।"

अस्पतालले बिहानको समयमा बहिरङ्ग सेवा सुरु गरेर राम्रो गरेको स्थानीय नरबहादुर विष्टले बताए । उनले ८ बजे नाम दर्ता काउन्टर खुलेर १० बजेपछि मात्रै उपचारमा चिकित्सक आउँदा बिरामीलाई धेरै समय कुर्नुपर्ने बाध्यताको अन्त्य हुने विश्वास व्यक्त गरे । "बिहानै औषधि सेवन गर्ने बिरामीका लागि र दिनभर काम गर्नुपर्ने व्यक्तिका लागि बिहानै अस्पतालले उपचार सेवा सुरु गरेर राम्रो कामको सुरुआत हो", विष्टले भने, "स्थानीय सेवाग्राहीका लागि यो राम्रो कुरा हो । यसले अस्पताल र सेवाग्राही द्वैलाई फाइदा हुन्छ। लामो समयसम्म पालो कुरेर बस्नुपर्ने बाध्यताको पनि यसबाट अन्त्य भएको छ।"

कैलालीको लम्कीबाट टीकापुर उपचारका लागि ८ बजे नै अस्पताल पुग्नुभएकी सीता देवकोटाले पनि बहिरङ्ग सेवा समयमै सञ्चालन हुँदा पालो कुर्नु नपरेको बताए। अस्पतालमा भीडभाड बढी हुने भएपछि खाना नखाएरै उपचारका लागि पुगेकी देवकोटाले खाना खाने समयमा घर पुग्ने बताए । "पालो छिटो पाउनका लागि मजस्ता सयौँ बिरामी भोकभोकै अस्पताल पुग्छन्। उनीहरूका लागि अस्पतालमा लामो पर्खाइ हुन्छ", उनले भने, "यसभन्दा पहिला आउँदा मैले पनि दिनभर अस्पतालमै दिन बिताएकी थिएँ । अहिले भने निकै सहज भएको छ।"

अस्पताल विकास समितिका अध्यक्ष झपटबहादुर सोडारीले अस्पतालले बहिरङ्ग सेवाको समय बढाउने निर्णय यसअघि नै गरेको बताए । उनले नाम दर्ताका लागि अस्पताल पुगेका व्यक्ति उपचार गरेरै घर फर्किनुहोस् भन्ने उद्देश्यले बहिरङ्ग सेवा ८ देखि ४ बजेसम्म सञ्चालनमा ल्याइएको उनको भनाइ थियो।

# सहमतिमै टुंगिन्छन् घरेलु हिंसाका मुद्दा



**टुडे समाचारदाता**

झापा । घरेलु हिंसाबाट पीडित महिला न्यायका लागि प्रहरीकहाँ पुग्ने गरे पनि अधिकांश मुद्दा सहमतिमै टुङ्गिने गरेका छन् । झापामा विगत तीन वर्षमा घरेलु हिंसाका छ सय २२ उजुरी प्रहरी कार्यालयमा दर्ता भएकामा पाँच सय उजुरीको निरुपण सहमतिबाटै भएको पाइएको छ।

अधिवक्ता मणि पराजुलीका अनुसार घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ बमोजिम जुनसुकै व्यक्तिले घरेलु हिंसा भइरहेको र भएको विषयमा प्रहरीमा उजुरी दिनसक्ने कानुनी व्यवस्था छ। त्यस्तो उजुरी अदालत, स्थानीय तह र राष्ट्रिय महिला आयोगमा पनि दर्ता गर्न पाइने उनले बताए। अभियुक्त चाँडो पक्राउ पर्ने र सुरक्षा पाउने आशमा पीडित उजुरी लिएर प्रहरीकहाँ जाने गरेका अधिवक्ता पराजुली बताउछन् । अरु निकायमा उजुरी दिँदा आरोपितलाई पक्राउ गर्न प्रहरी नै परिचालन हुने हुँदा उजुरी दिन पीडित प्रहरीकहाँ नै धाउने गरेका छन्।

आर्थिक वर्ष २०७७/७८ मा झापामा दुई सय २० घरेलु हिंसासम्बन्धी उजुरी प्रहरीमा दर्ता भएकामा ७८ प्रतिशत अर्थात् एक सय ७२ उजुरीमा बादी र प्रतिबादीबीच सहमति भएको प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी बताउनुहुन्छ । सो अवधिमा प्रहरीमा दर्ता भएका १४ उजुरीमात्र अदालतसम्म पुगेका थिए । उजुरीकर्ता र आरोपितबीच सहमति भएपछि मुद्दा टुङ्गिने गरेका छन्। आव २०७८/७९ मा दुई सय ४७ तथा आव २०७९/८० मा एक सय ५५ घरेलु हिंसाका घटनाबारे उजुरी प्रहरीकहाँ दर्ता भएका थिए। आव २०७७/७८ मा ८३ प्रतिशत अर्थात् दुई सय चार उजुरी सहमतिमा टुङ्गिएका थिए। सो अवधिमा प्रहरीकहाँ दर्ता भएका १२ उजुरीमात्र अदालतसम्म पुगेका थिए । आव २०७९/८० मा ८० प्रतिशत अर्थात् एक सय २४ उजुरी सहमतिबाटै निरुपण भएको र चार उजुरीमात्र अदालतसम्म पुगेको प्रहरी उपरीक्षक रेग्मी बताउछन्।

चालु आव २०८०/८१ को कात्तिक मसान्तसम्म घरेलु हिंसाका ६९ उजुरी दर्ता भएकामा ५४ वटामा सहमति भइसकेको छ । यो सहमति कुल उजुरी सङ्ख्याका आधारमा ७८ प्रतिशत हो। उजुरी परेपछि प्रहरीले आरोपितलाई अनुसन्धानका लागि तत्कालै बोलाएर सोधपुछ गर्दै आएको छ। कतिपय उजुरीकर्ता नै आरोपित पक्षसँग कागजी सहमति गरेर मेलमिलापमा जान इच्छुक हुने भएकाले सहमति हुने गरेको प्रहरी उपरीक्षक रेग्मी बताउछन्।

"घरेलु हिंसाका उजुरी आउनासाथ आरोपितलाई छलफलका लागि प्रहरी कार्यालयमा बोलाउने गरिएको छ", प्रहरी उपरीक्षक रेग्मी भन्छन्, "दुवै पक्षबीच छलफल हुँदा मुद्दामा सहमति भयो भने हामी उहाँहरूलाई कागज गराएर घर पठाइदिन्छौं।" उजुरी परेका सबै घटना आरोप लगाउन मिल्ने किसिमका नहुने उनको भनाइ छ । "असमझदारी र आवेशमा हुने साना घटनामा पीडित छलफलपछि स्वतः मेलमिलापको चरणमा पुग्ने गरेका छन्। घरेलु हिंसाका घटनाको उजुरी लिखितरूपमै ल्याउनुपर्छ भन्ने हुँदैन। कोही पीडित घरेलु हिंसामा परेँ भनेर प्रहरीकहाँ मौखिक उजुरी लिएर आउनुभयो भने प्रहरीले उजुरीको प्रक्रियाका लागि निवेदन लेखिदिने काम गरिदिन्छन्", प्रहरी उपरीक्षक रेग्मी भन्छन्।

पीडित पक्षले उजुरी फिर्ता लिँदा र छलफलपछि दुवै पक्ष मेलमिलापमा जाँदा प्रहरी कार्यालयबाटै सहमतिमा मुद्दा टुङ्गिने अधिवक्ता पराजुली बताउछन् । उनी भन्छन्, "कतिपय घटनामा चाहिँ आरोपित पक्षको धम्की, आर्थिक प्रलोभन र पारिवारिक प्रोत्साहनको अभावका कारण पनि पीडित उजुरी फिर्ता लिएर बाध्यताले सहमतिमा गएका हुन सक्छन्।"

घरेलु हिंसाका घटनाको उजुरी अदालतमा दर्ता भएमा आरोपितलाई पक्राउ गर्न अदालतले पक्राउ पूर्जी जारी गर्न सक्ने, प्रहरीमा उजुरी दर्ता भए प्रहरीबाटै २४ घण्टाभित्र हाजिर हुन आउने पत्र पठाउने र पालिकामा दर्ता भएका उजुरीमा समेत हाजिर हुन आउने पत्र पठाउन सक्ने कानुनी व्यवस्था रहेको अधिवक्ता पराजुलीले जानकारी दिए।


### घरेलु हिंसाको मुख्य कारण 'मापसे'

विगत तीन वर्षमा झापा प्रहरी कार्यालयमा परेका घरेलु हिंसाका घटना तथ्याङ्क हेर्दा हिंसाको मुख्य कारण मादक पदार्थ सेवन 'मापसे' नै देखिएको छ। 'मापसे' गरेर श्रीमतीमाथि हिंसा गर्ने बढी पाइएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्र रिजालका अनुसार विगत तीन वर्षमा घरेलु हिंसाका छ सय २२ उजुरी दर्ता भएकामा दुई सय १५ उजुरी मापसेका कारण भएका छन् । आव २०७७/७८ मा दुई सय २० उजुरीमध्ये ७१ मापसेसँग सम्बन्धित छन् । आव २०७८/७९ मा दुई सय ४७ उजुरीमध्ये ७६ तथा आव २०७९/८० मा एक सय ५५ उजुरीमध्ये ६८ मापसेका कारण भएका सूचना अधिकारी रिजालले बताए।

कुटपिट, झैझगडा, गरिबी र फोनका कारण पनि घरेलु हिंसाका घटना भएको भन्दै प्रहरीकहाँ उजुरी पर्ने गरेको छ। तीन वर्षयता झैझगडाका दुई सय ११, गरिबीका एक सय १० र फोनका ८१ उजुरी प्रहरीकहाँ दर्ता भएको तथ्याङ्क छ। यस्ता घरेलु हिंसाका उजुरी प्रायः सहमतिमा टुङ्गिने गरेका छन् । कुटपिट र झैझगडाका उजुरी छलफलपछि पनि नमिल्दा अदालतसम्म पुग्ने गरेको पाइएको छ।

जनकपुर टुडे
२०८० साल मंसिर २४ गते आइतबार (10 December, Sunday, 2023)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पर्यटन प्रवर्द्धनमा लागौं

मधेश प्रदेशको विकासका लागि केही प्रमुख क्षेत्रहरु छन् । त्यसमध्ये धार्मिक पर्यटन र कृषि प्रमुख हो । कृषिमा सिँचाईको समस्या प्रमुख रुपमा देखिएको छ । वर्षा नहुँदा यसै वर्ष मधेश प्रदेशको केही जिल्लामा धान उत्पादनमा निकै कमी आएको छ । धान उत्पादन नहुँदा किसान मर्कामा परेका छन् । कुनै बेला नेपालले धान चामल निर्यात कम्पनी नै खोलेका थिए । धान चामल निर्यात कम्पनी त बन्द भइसकेकाले अब धान चामल आयात कम्पनी खोल्न आवश्यक भइसकेको छ । भारतबाट वैध र अवैध रुपमा भारी मात्रामा धान, चामल आयात भइरहेको छ । धान चामल आयात कम्पनी भए सरकारले त्यसमा पनि भन्सार लगायतका शुल्क लगाएर राजस्व संकलन गर्न सक्छ । कृषिमा लगानी गरेर किसानलाई प्रोत्साहित गर्नुपर्नेमा सरकार नै उदासीन छ । किसानलाई अत्याधुनिक खेतीगर्न सरकारले उपकरण लगायत, मलखाद, सिँचाईका लागि विशेष सहुलियत दिनु पर्छ । खेतीहर मजदूरको अभाव रहेकाले आधुनिक उपकरण नभए खेतीगर्न झन महँगो हुनेछ । कृषि महँगो भइरहेको अवस्थामा पर्यटनलाई व्यवसायको रुपमा अगाडि बढाउनु पर्छ । पर्यटन व्यवसायबाट रोजगारी सृजना पनि हुने र आम्दानी पनि हुनेछ । मधेश प्रदेशमा धार्मिक पर्यटकीय स्थल पर्याप्त छन् । संसारकै हिन्दूहरुको आस्थाको केन्द्र जानकी मन्दिर, जलेश्वर मन्दिर, मटिहानी स्थान, गहवामाई, छिन्नमस्ता माई, कंकालिनी माई मन्दिर, विद्यापति डिह, सिम्रौनगढ, सलहेस फुलवारी लगायतका दर्जनौ पर्यटकीय स्थलहरु छन् । ती पर्यटकीय स्थलहरुको सम्र्बद्धन गरी हिन्दू पर्यटकहरुको पवित्र गन्तव्यस्थल बनाउन सकिन्छ । पर्यटकहरुलाई स्तरीय बास, भोजन र धार्मिक गन्तव्यको दृश्यावलोकन गराउन सके हाल आउने पर्यटकहरुको संख्यामा उल्लेख्य वृद्धि हुन सक्छ । आन्तरिक र वाह्य पर्यटक आउने संभावना व्यापक छ । पर्यटकहरुलाई सेवा, सुविधा र सत्कारमा विशेष ध्यान दिनुपर्छ । प्रदेश सरकार र पालिकाले मिलेर पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्द्धनमा लाग्नु पर्छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले पर्यटकका लागि आकर्षक, सुबिधा सम्पन्न स्तरीय होटेलहरुको स्थापनामा जोड दिएका छन् । उनले होटेल व्यवसायमा लगानी राम्रो प्रतिफल प्राप्त हुने बताएका छन् । प्रदेश सरकारले होटेलको स्तर निर्धारण लगायतका काम गर्नु पर्ने हो । प्रदेशमा पर्यटन तथा संस्कृति मन्त्रालय रहे पनि होटेलको क्षेत्रमा काम गर्न सकेको छैन् । संस्कृति तथा पर्यटन मन्त्रालयले यस तर्फ ध्यान दिनु आवश्यक छ ।

# रुसमा ६ नेपालीको मृत्युले उब्जाएको प्रश्न



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

रुसी सेनाम भर्ती भएका ६ नेपालीको मृत्युको खवरले मुलुक स्तब्ध छ । कत्रो, विडम्बना ! वैदेशिक रोजगारमा हुँदा आतङ्कवादीको आक्रमणमा परेर वा काम गर्दागर्दै कतिपयलाई मृत्यु वरण गर्नुपर्छ । अव, अर्कोको देशका लागि सैनिक बनेर लड्नु परिरहेको छ ।

२०६१ साल भदौं १५ गते इराकमा आतङ्कवादी समूहले बाह्जना नेपालीलाई बन्धक बनाएर बडो निर्ममतापूर्वक हत्या गरेको थियो । २०७३ साल असार ६ गते अफगानिस्तानको काबुलमा आतङ्कवादीको बमको आक्रमणमा परेर बाह्र जना नेपालीको मृत्यु भएको थियो । नेपालीहरुलाई द्वन्द्वग्रस्त मुलुकमा वा युद्धग्रस्त मुलुकमा पनि रोजगारको लागि पुग्नुपर्ने बाध्यता छ । यो बाध्यता कति दिनसम्म रहिरहने छ ? कहिलेसम्म विदेशमा नेपाली युवाहरुलाई रोजगारको लागि धाउनु पर्छ, र आफ्नो जीवन उत्सर्ग गर्नुपर्छ ? यसको जवाफ सरकारसँग हुनु पर्‍यो । सरकारले मुलुकमा रोजगार सृजना गर्न नसकेको अवस्थामा नेपालीहरुलाई घरपरिवारको गुजरवसरका लागि खतरा मोल लिनु परिरहेको छ ।

रुस र युक्रेनबीच डेढ बर्षदेखि युद्ध चलिरहेछ । युक्रेनसँग लड्नका लागि रुसले गलत ढङ्गले नेपाली युवाहरुलाई सेनामा बहाल गरी युक्रेनसँग लड्न पठाउने गर्छन् । रुससँग नेपालको कुनै सेना बहालीसम्बन्धी सम्झौता भएको छैन् । तापनि, रुसले नेपाली युवाहरुलाई सेनामा भर्ना गरी युक्रेनसँग युद्ध गर्न पठाएको छ । नेपाल रुसबीच सन्धि र भिएना सन्धिको बर्खिलाफ हो । नेपालले भिएना सन्धिमा हस्ताक्षर गरेको छ । रुसले सो सन्धिको पालना नगरेको स्पष्ट हुन्छ । अहिले रुसको सेनामा पाँचसयभन्दा बढी नेपाली युवाहरु भर्ती छन् । नेपालका नेताहरु मौनता धारण गरेको देखिन्छ । अमेरिका र भारतको विषयमा जथाभावि बोल्ने नेताहरुले रुसप्रति कडा स्वरमा विरोध गरेको सुनिएन् । यस्तै, वैदेशिक रोजगारको प्रलोभन देखाएर चीनका केही व्यक्तिहरुले म्यानमारको एक जङ्गली क्षेत्रमा नेपाली युवाहरुलाई बन्धक बनाएर राखेको खवर महिनौंदेखि विभिन्न समाचार माध्यममा प्रकासित भएको छ । उनीहरुलाई मानसिक एवम् शारीरिक यातना पनि दिइरहेको छ । कतिपयले पचास लाख रुपैया तिरेर सो कैदबाट मुक्त भएका छन् । तर, नेपाल सरकारले चीनी नागरिकले नेपालीहरुलाई बन्धक बनाएर प्रताडित गरिरहेकाले उनीहरुको रिहाइ र दोषिहरुमाथि आवश्यक कारवाहीको लागि चीनमाथि दवाव सृजना गरेको देखिएन् ।

रुसी सेनामा भर्ती गरिएका नेपालीलाई तत्काल स्वदेश फिर्ता गर्न नेपालले रुसलाई कूटनीतिक नोट पठाएको छ । रुसी सेनाले युक्रेनसँगको युद्धमा ६ जना नेपाली मारिएको औंपचारिक रुपमा जानकारीपिछ परराष्ट्र मन्त्रालयले रुससमक्ष नेपाली युवालाई सेनामा भर्ना नगर्न र भर्ती गरिएका युवालाई अविलम्ब नेपाल पठाउन सोमवार एक विज्ञप्तिमार्फत अनुरोध गरेको छ । परराष्ट्र मन्त्रालयले मृतकका शव यथासिघ्र नेपाल पठाउन र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनसमेत माग गरेको छ । यो सामान्य प्रक्रिया हो । वस्तुतः नेपालस्थित रुसी राजदूतलाई परराष्ट्र मन्त्रालयले बोलाएर कडा आपत्ति जनाउनुपर्ने थियो । अविलम्ब सेनामा भर्ती गरिएका नेपाली युवाहरुलाई अविलम्ब फिर्ता गर्न दवाव दिनुपर्ने थियो ।

रुसले गत, चैत महिनादेखि नेपाली सेनामा भर्ती सुरु गरेको खवर लामो समयदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकासित र प्रसारित भइरहेको छ । सोही समयमा नेपाल सरकारलाई सजग भइसक्नुपर्ने थियो । रुस जानका लागि 'नो आँब्जेक्सन लेटर' दिने बेलामा कडाई गर्नुपर्ने थियो । रुसले चैचिन्याका भाडाका सैनिक प्रयोग गरिरहेको खवरपनि प्रकासित भएको थियो । रुसले आफ्नो सेनालाई बचाउन खोजेको छ । नेपाली युवाहरुलाई प्रलोभनमा पार्न सक्छ भनेर परराष्ट्र मन्त्रालयलाई सचेत हुनुपर्ने थियो । रुसले मानव तस्करसँग सम्पर्क गरी नेपालका युवाहरुलाई आर्थिक प्रलोभनमा पारेर सेनामा भर्ती शुरु गर्‍यो ।

अध्यागमन विभागअनुसार, २०२२को जनवरीदेखि २०२३को नोभेम्बरसम्म अध्ययन, श्रम र भिजिट भिसामार्फत २९ सय नेपाली रुस पुगेका छन् । भारत र साउदी अरबलगायतका मुलुकबाट रुस पुगेको छ । उनीहरुको सरकारसमक्ष अधिकारिक तथ्याङ्क छैन् । प्रत्येक मुलुकले युद्धग्रस्त मुलुकमा आफ्ना नागरिकलाई सो मुलुक नजानका लागि निर्देश जारी गर्छन् । नेपालले सो निर्देशन किन जारी गरेन । यस विषयमा परराष्ट्र मन्त्रालयलाई गम्भीर हुनुपर्ने थियो । भिजिट र विद्यार्थी भिसामा पुगेका नेपालीहरु रुसी सेनामा भर्ती भइरहेको सन्दर्भमा मस्कोस्थित नेपाली दुतावासले ध्यानाकर्षण भएको जनाएको थियो । तर, नेपाली राजदुतावासले नेपाली युवाहरुलाई भर्ना गर्न नमिल्ने भनेर रुसलाई जानकारी नगराएको चर्चा छ । परराष्ट्र मन्त्रालयले पनि रुसी सेनामा भर्ती भएको विषयको अध्ययन गर्न एक समिति बनाएको थियो । तर, समितिको प्रतिवेदनलाई राजनीतिक र प्रशासनीक नेतृत्वले गम्भीर रुपमा लिएनन् । परराष्ट्र मन्त्रालय गम्भीर भएको भए, आज ६ जना नेपालीको अनाहकमा मृत्यु हुने थिएन् । राज्यपक्ष संवेदनशील हुन नसकेको सन्देश प्रवाह भएको छ । नेपालीहरुलाई रोजगारका लागि अन्य देशको सेनामा भर्ती हुनु परिरहेको छ । यस्तो अवस्था किन उत्पन्न भयो । यसको जिम्मेवारी राज्यलाई लिनुपर्छ । अन्य, मुलुकमा पनि कतै नेपालीहरु सेनामा भर्ति भएको छ कि छैन भन्ने सम्बन्धमा सरकारलाई जानकारी सङ्कलन गर्नुपर्ने हो । नेपाल सरकारले विरोध जनाएको छ । तर, त्यतिले पुग्दैन् । मृतक परिवारलाई ठूलो परिमाणमा क्षतिपूर्तिका लागि लगातार आवाज उठाउनुपर्छ ।

दुई मित्रराष्ट्र विट्रिस र भारतीय सेनामा नेपाली युवा भर्ना हुने गर्छन् । यी दुवै देशसँग सैनिक भर्नासम्बन्धी सन्धि भएको छ । हुन त गत बर्षदेखि भारतीय सेनामा बहाली स्थगित छ । भारतले सैनिक बहालीमा केही नियममा फेरबदल गरेपछि नेपाल सरकारले सो नियमप्रति सहमति नजनाउँदा तत्कालको लागि भर्नाको प्रक्रिया स्थगित अवस्थामा पुगेको हो । भारतीय सेनामा भर्तीको विषयमा नेपाललाई केही लचकता देखाउनुपर्छ । युवाहरुलाई प्रलोभनमा पारेर रुस पठाउने गरेको आरोपमा प्रहरीले बाह्र जनालाई पक्राउ गरेको छ । अर्कोतर्फ, दुई जना नेपाली युवालाई युक्रेनको सेनाले बन्दी बनाएको छ । उनीहरुको रिहाईको लागि सरकारलाई गम्भीर रुपमा पहल गर्नुपर्ने हो ।

नेपाली स्वाभिमानी हुन्छ, गोर्खालीहरु वीर र इमान्दार हुन्छन् । बडो मिहिनेति हुन्छन् । यी विशेषण पूर्खाले आर्जन गरेका हुन् । सयौं बर्ष पहिले पूर्खाले आर्जन गरेका किर्तिको बलमा आजपनि हामी धाक देखाउने गर्दछुँ । तर, पूर्खाले अर्जेको प्रतिष्ठालाई कसरी जगेर्ना गर्ने सन्दर्भमा हामीहरुको भूमिका कस्तो छ भनेर पहिले आत्ममूल्याङ्कन गर्नुपर्छ । यो मुलुक कसैको उपनिवेश बनेन् । विट्रिस/इन्डियासँग युद्ध हुँदा एक चौंथाइभन्दा बढी भूभाग गुमाएपनि उपनिवेश स्वीकार गरेन् । आफ्नो पहिचानलाई यथावत राख्यो । सोच्नुस ! त्यो बेला नेपालीहरुले भोगेको पीडाको कल्पना गर्नुस । त्यति टाढा नगएपनि हुन्छ, नेपालमा प्रजातन्त्र र गणतन्त्र स्थापनामा दर्जनौले बलिदान दिए, सयौं घाइते भएका हुन् । माओवादीको दस बर्षे जनयुद्धमा पन्द्रह हजारभन्दा मारिएको चर्चा छ । त्यत्रो बलिदानपछि मुलुकमा गणतन्त्र स्थापना भएको छ । तर, नेपालमा भ्रष्टाचार र तस्करीका प्रकरण र सत्ताको खेलमा जनताहरु मुकदर्शक बन्नुपरेको छ । पुरानो पहिचानको बलमा कति दिनसम्म धक्कु लगाउने हो । नेपालीको पहिचानमाथि सङ्कट मडारिन थालेको छ । अव, हाम्रो मुलुकको पहिचान अन्तर्राष्ट्रिय जगतलाई कामदार उपलब्ध गराउने राष्ट्को रुपमा परिणत भएको छ । अव, त नेपालीहरुलाई युद्धग्रस्त देशको सेनामा भर्ती हुनु कतिको दूर्भाग्य हो ।

विश्वमा नेपालभन्दा दर्जनौं साना राष्ट्रहरु छन् । कतिपय ठूला देशको तुलनामा नेपाल सानो राष्ट्र भएपनि एउटा 'राष्ट्र'को लागि आवश्यकपर्ने प्रायःसवै पूर्वाधार विद्यमान छ । करिव तीन करोड जनसङ्ख्या भएको यो मुलुकमा एकसयभन्दा बढी भाषा छन् । हिमाल, पहाड र मधेशले बनेको यो राष्ट्रमा विभिन्न किसिमका हावापानी का साथै विभिन्न धर्म र समुदायका मानिसहरु बसोवास गर्छन् । विभिन्न सानादेखि ठूला नदीहरु छन् । नेपालसँग कुनै समुद्र नछोएकाले भूपरिवेष्ठित राष्ट्को रुपमा पहिचान स्थापित छ । विभिन्न प्रकारका पूर्वाधार रहेकाले विकासका लागि ठोस योजना चाहिन्छ । निश्चित रुपमा मुलुकले फूडको मार्नेछ । अव,

नेपालका शिक्षित र अर्धशिक्षित युवाहरुलाई रोजगारका लागि विदेश धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्नुपर्छ । राजनीतिक अस्थिरताको कारण मुलुकमा उद्योग क्षेत्रका साथै कृषि क्षेत्रपनि धराशायी बनेको छ । यो अवस्थालाई अन्त्य गर्नका लागि दलका नेताहरुमा ठोस प्रतिबद्धता आवश्यक छ ।

**एनसेल प्रकरण**

दूरसञ्चार प्रदायक कम्पनी एन-सेलको ८० प्रतिशत शेयरको विक्री मात्र साढे ६ अर्बको खवरले सवैको ध्यान तानेको छ । मलेसियन कम्पनी आजियाटामा समूह बहार्डले एनसेलको ८० प्रतिशत शेयरको स्वामित्व अर्को कम्पनी बेलायत (युके)को स्पेक्ट्रलाइट कम्पनीलाई बेच्ने निर्णय गरेको छ । दुई खर्बभन्दा बढी सम्पति भएको एनसेलको ८० प्रतिशत शेयर मात्र साढे ६ अर्बमा विक्री हुँदा कतै ठूलो चलखेलप्रति आशङ्का देख्न थालिएको छ । एनसेललाई शेयर विक्रीको सन्दर्भमा नेपाल दूरसञ्चार प्राधिकरणसँग शेयर विक्रीको लागि स्वीकृति लिनु पर्छ ।

साँसद अमरेशप्रसाद सिँहले एनसेलको शेयर खरिद विक्रीमा डरलाग्दो भ्रष्टाचार भएको आरोप लगाएको छ । उनले सञ्चारकर्मीहरुसमक्ष भष्ट्राचारको सन्दर्भमा थुप्रै कुराहरु सार्वजनिक गरेका छन् । उच्च नेताका साथै माफियाहरुको संलग्नतारहेको आरोप लगाएको छ । संसद्को सार्वजनिक लेखा समितिले एनसेलको सेयर खरिद विक्री रोक्न निर्देशन दिएको छ । यस विषयमा अव गहँरिएर छानविन भयो भने शीर्षतहका नेताका साथै उच्च पदस्थ कर्मचारीहरु फस्ने सम्भावना छ । साँसद सिँहले प्रमाणसहितका कागजातहरु सार्वजनिक गरेका छन् । त्यसलाई आधार बनाएर छानविन हुनु पर्छ । केही दिनअघि विभिन्न सञ्चारमाध्यममा दूर्गा प्रसाई छाएको थियो । नक्कली भुटानी शरणार्थी मुद्धामा कोही कारागार चलान त कोही जमानतमा रिहाको खवरले चर्चा अहिले जारी छ । सधैं नकारात्मकताको चर्चा परि चर्चामा बाध्यतावस् रमाउनु परिरहेको अवस्था छ ।

मुलुकले विकास र रोजगारको क्षेत्रमा फड्को मारेको खुशी खवरको धोको कहिले पुरा हुने हो ? यो जिज्ञासाको समूचित जवाफ मुलुकमा सुशासन, भ्रष्टाचारको न्यूनीकरण, नेतृत्वकर्तामा जवाफदेहिता, नैतिकता, इमान्दारिता र आम नेपालीमा दूरगामी सोच नभएसम्म खुशीको खवरको धोको पाउन असम्भव नै छ । किनकी, मुलुकमा प्रजातन्त्रको पुनः स्थापनापछि सरकार बनाउने र ढाल्ने रणनीतिमैं राजनीतिक दलहरु व्यस्त रह्यो । एक घोटालालाई उछिन्दै अर्को घोटालाको खवर सुन्दा सुन्दा दिक्क लाग्न थालेको छ । 'इतिश्री'

रुस र युक्रेनबीच डेढ बर्षदेखि युद्ध चलिरहेछ । युक्रेनसँग लड्नका लागि रुसले गलत ढङ्गले नेपाली युवाहरुलाई सेनामा बहाल गरी युक्रेनसँग लड्न पठाउने गर्छन् । रुससँग नेपालको कुनै सेना बहालीसम्बन्धी सम्झौता भएको छैन् । तापनि, रुसले नेपाली युवाहरुलाई सेनामा भर्ना गरी युक्रेनसँग युद्ध गर्न पठाएको छ । नेपाल रुसबीच सन्धि र भिएना सन्धिको बर्खिलाफ हो । नेपालले भिएना सन्धिमा हस्ताक्षर गरेको छ । रुसले सो सन्धिको पालना नगरेको स्पष्ट हुन्छ । अहिले रुसको सेनामा पाँचसयभन्दा बढी नेपाली युवाहरु भर्ती छन् । नेपालका नेताहरु मौनता धारण गरेको देखिन्छ । अमेरिका र भारतको विषयमा जथाभावि बोल्ने नेताहरुले रुसप्रति कडा स्वरमा विरोध गरेको सुनिएन् । यस्तै, वैदेशिक रोजगारको प्रलोभन देखाएर चीनका केही व्यक्तिहरुले म्यानमारको एक जङ्गली क्षेत्रमा नेपाली युवाहरुलाई बन्धक बनाएर राखेको खवर महिनौंदेखि विभिन्न समाचार माध्यममा प्रकासित भएको छ ।

# यताको सनातन, उताको हिन्दुत्व

कनकमणी दिक्षित

संविधानमा नेपाल 'धर्मनिरपेक्ष राज्य' लेखिएको प्रसंगलाई कारण देखाउँदै राजनीतिक अस्थिरता, अराजकता र राज्यविहीनताको स्थिति लाद्न विभिन्न शक्ति लागिपरेका छन् । यस्तै, संविधानका सहीकर्ता 'राजनेता'हरू पनि लोकरिझ्याइँको डरकामारे दोधारे कुरा गर्दैछन् ।

एकातर्फ ज्ञानेन्द्र र उनका राजावादी गण छन्, जसलाई गुमेको त्यत्रो साख र प्रभाव ब्युँताउनु छ । यसको लागि आवश्यक पर्ने २०७२ को संविधानको खारेजीले निम्त्याउने नेपाल राज्यको आन्तरिक र बाह्य कमजोरीको पर्वाह छैन, यिनीहरूलाई ।

अर्को पात्र छन्, चिरपरिचित 'डेमागग', वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल, जसलाई आफ्नो माओवादी पार्टीको निरन्तर चुनावी ओरालोका कारण विदेशीको टेकोदेखि पूर्वराजासँगको सहकार्य, जे पनि स्वीकार्य मात्र होइन, स्वागतयोग्य हुने नै छ ।

यस्तै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा त 'हिन्दुत्व'को पक्षमा बोलेर संविधानको खिलाफको बाटोमा लागिसके, जसमा गैरजिम्मेवारी र लाचारी दुवै झल्कन्छ ।

देश दौडाहामा रहेका प्रमुख प्रतिपक्षी नेकपा एमालेका नेता केपी ओली हाम्रो राजनीति मात्र होइन, राज्यमाथि नै अभूतपूर्व खतरा रहँदा पनि जनतासामु धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रको अपरिहार्यताबारे निर्धक्क बोलिरहेका छैनन् । मध्यपहाडी पर्यटन भन्दा पनि 'संविधान बचाउ अभियान' मा उक्त दौडाहा परिणत हुनुपर्ने थियो ।

**प्रत्यक्ष र विद्यमान खतरा**

नलुकेको कुरा हो, सन् २०२४ अप्रिलमा भारतको आमनिर्वाचनमा अत्यधिक जित हासिल गर्न बीजेपी दलका अध्यक्ष जेपी नड्डा र सरकारप्रमुख नरेन्द्र मोदीले हरेक हत्कण्डा अपनाउने छन् ।

आफूलाई पटक्कै मन नपरेको हाम्रो नयाँ संविधान र यसको 'धर्मनिरपेक्षता' खारेज गर्दै 'हिन्दु राष्ट्र' घोषणा गर्न पाए गंगा मैदान (उत्तर भारत) का हिन्दुपन्थीबाट धेरै भोट हात लाग्छ भन्नेमा प्रम मोदी प्रष्ट छन् । नयाँदिल्लीको यो रणनीतिक हिसाबकिताब नेपालभित्र प्रयोगमा आउन थालिसकेको छ र विभिन्न तप्का र खेमा परिचालित छन्, उपत्यका, पहाड र तराई-मधेशमा ।

संविधानको 'धर्मनिरपेक्षता' बाट 'नाखुस' मोदीले ६ महिनासम्म छिमेक देशमाथि नाकाबन्दी लगाएका थिए भने आउँदा दुई-तीन महिनाभित्र नेपालमा हलचल पैदा गर्दै संविधान खारेजीका लागि 'हर-कुछ' कदम चाल्ने तयारी देखिन्छ । 'यसो गर्दैछु' भनेर कसैले प्रेस विज्ञप्ति पेश गर्ने त होइन, समयचक्र र राजनीतिक मनोविज्ञानको विश्लेषणले यही देखाउँछ ।

नलुकेको कुरा हो, सन् २०२४ अप्रिलमा भारतको आमनिर्वाचनमा अत्यधिक जित हासिल गर्न बीजेपी दलका अध्यक्ष जेपी नड्डा र सरकारप्रमुख नरेन्द्र मोदीले हरेक हत्कण्डा अपनाउने छन् । नयाँदिल्लीको यो रणनीतिक हिसाबकिताब नेपालभित्र प्रयोगमा आउन थालिसकेको छ ।

मुलुकभित्रका 'हिन्दुत्व'वादी र पुरातनपन्थी अवसरवादीले यस्तो कदमलाई साथ दिने हुनाले नै अहिले राज्य व्यवस्थामाथिको खतरा 'प्रत्यक्ष' छ र 'विद्यमान' पनि । र, यसै दौरानमा संविधान फेरि एकपटक खारेज हुने हो भने आन्तरिक झै-झगडा र विदेशी शक्तिको हस्तक्षेपकारी अभीष्टमाझ नेपाल झनै कमजोर, परनिर्भर र अधीनस्थसम्म हुने सम्भावना टड्कारो छ ।

तर पूर्व राजा, नेपाली र भारतीय सरकारप्रमुखका आ-आफ्ना अजेण्डा, शेरबहादुर देउवाको गैरजिम्मेवार बोली तथा केपी ओलीको निष्क्रियताका कारण मुलुकको भविष्यतर्फको यात्रा बिथोलिन्छ भनिहाल्न भने मिल्दैन, किनकि यसअघिका प्रत्यक्ष र विद्यमान खतरासामु जागेका जनताको भर छँदैछ ।

आज 'हिन्दु राष्ट्र' को लागि वकालत गर्नेले जनताको भावना बोल्छन् भन्ने छैन, यो त मिडियामा पहुँच भएका तथा सोसल मिडियामा चर्को बोल्ने र उत्तेजना फैलाउनेलाई 'व्यापारिक अल्गोरिदम' ले बढावा दिने गरेकोले एक संकीर्ण तप्काको बोली 'जनताको आवाज' भनेर कसैकसैले दाबी गर्ने गरेका हुन् ।

हिमाल, पहाड, तराईका सीमान्तकृतको बुझाइ त्यो तप्कासँग मिल्छ भन्ने छैन, न त ठूलो हिस्सा महिला, दलित, जनजाति, मुसलमान, इसाईको, न 'हिन्दुत्व' को पासोमा नपरेका सनातनीको, न बज्रयान, महायान, हिनयान बौद्धमार्गीको ।

यो पनि हो कि, संविधानमा 'धर्मनिरपेक्षता' यथावत् राख भन्ने अभियान प्रष्ट गरी आएको छैन । एकातर्फ २०७२ असोजमा दस्तावेजमा ल्याप्चे ठोक्नेहरू लोकरिझ्याइँ र विदेशी प्रभुसित भयभीत भई संविधानमाथि गद्दारी गर्दैछन् । अर्कोतर्फ अधिकांश 'मिडिया द्वारपाल' (संजोग या केले भनौं, अधिकांश बाहुन पृष्ठभूमिका) हरूको पनि 'हिन्दु राष्ट्र' लचकता अगाडि आएको छ ।

**हिन्दुत्व र हिन्दुपन**

इतिहासकालदेखि नै नेपालको आमजनको ठूलो हिस्सा सनातन धर्म मान्दै आएको छ, तर यसको अर्थ राज्य 'हिन्दु' थियो भन्ने होइन । राज्य त नियम-कानुन मार्फत जनतालाई सुरक्षा दिन र बाहिरी आक्रमणमा प्रतिरक्षा गर्न तैनाथ थियो । राज्यले जनतालाई आ-आफ्नो धर्म मान्न छोडिदिन्थ्यो, अपवाद बाहेक ।

यस अर्थमा इतिहासकालका नेपाल राज्य र यसअघिका भुरेटाकुरेहरू पनि 'धर्मनिरपेक्ष' नै थिए । राजाहरूले एक या अर्को पन्थ पछ्याउँथे भने राज्यलाई नै 'हिन्दु' घोषणा गर्नुपर्ने आवश्यकता थिएन । तर दक्षिणी हावाको प्रभावमा आधुनिक युगको यस कालमा अहिले हिन्दुत्वको पात हल्लिन थालेको छ ।

भारतको राष्ट्रिय स्वयंसेवक संघ र यसको भ्रातृ संगठन भारतीय जनता पार्टीले 'हिन्दु धर्म' लाई राजनीतिकरण गरेर त्यहाँका र विशेषगरी उत्तर भारतका सनातनीलाई प्रतिरक्षात्मक र उत्तेजित बनाउँदै निर्वाचनको बेला भोट तान्ने अभियान सफलताका साथ चलाएका छन् । पर्याप्त 'विश्वदृष्टि' ('वर्ल्डभ्यू') नबोकेका आम नागरिकलाई 'रिलिजन' को अफिम खुवाएर पाकिस्तानको उग्रवादी मुल्लाहले बोक्ने इस्लामिक राजनीति जस्तै, 'हिन्दुत्व' भित्र्याएका छन् ।

'हिन्दुत्व' र 'हिन्दुपन' बीचको फरक नेपाली नागरिकले बुझ्नु अति जरूरी छ नत्र भारतको पार्टीविशेषले आफ्नो लागि प्रयोगमा ल्याएको कट्टरपन्थी धार्मिक 'आइडियोलोजी' ले हाम्रो समाजको जग हल्लाइदिनेछ । शब्द प्राचीन भए पनि प्रयोग नयाँ हो, 'हिन्दुत्व', र साविकको अर्थ 'हाइज्याक' भएको छ । सनातनी 'हिन्दुपन' लाई शस्त्रीकरण ('वेपनाइज') गरेको छ, 'हिन्दुत्व' ले ।

भारतमा आम जनता सनातनी हुँदाहुँदै त्यहाँ अफगान सुल्तानहरूले रजाइँ गर्न पुगे, बंगालदेखि पञ्जाबपारिसम्म, गंगा मैदानदेखि डेक्कन पठारसम्म । पछि मुगल शासकले आधिपत्य जमाए । एकैछिनलाई मानौं भारतको आजको हिन्दु जमातलाई ऐतिहासिक मुस्लिम राजसँग नफरत छ जबकि त्यसकारण त्यहाँ आजका दशौं लाख मुसलमान माथि रिस र घृणा पाल्नुपर्ने कारण छैन ।

नेपालको कुरा गर्ने हो भने यहाँ कहिल्यै इस्लाम धर्म मान्नेको राज भएन र भाजपा/आरएसएसको उक्साहट र निर्देशनमा नेपालीले उग्र 'हिन्दुत्व' अँगाल्नुपर्ने आवश्यकता छैन । जसरी नेपाल कहिल्यै बेलायतको उपनिवेश भएन, त्यस्तै यहाँ कहिल्यै दिल्ली सल्तनत्, अफगान या मुगलको राज भएन ।

यदाकदा हमला गर्न आउने मुस्लिम रजौटालाई नेपालीहरू मिलेर पराजित गरी फिर्ता पठाइए । ऐतिहासिकताको नजरबाट यहाँको जनसंख्याको ५.१ प्रतिशत मात्र ओगटेको (विशेषतः तराई अनि राजधानी उपत्यका र मध्यपहाडमा छरिएर बसेको) मुस्लिम समुदायलाई बाँकी सनातनीले हेय दृष्टिले हेर्नुपर्ने कुनै कारण छैन । जबकि मानव सहअस्तित्व र लोकतान्त्रिक दर्शन अनुसार यसै पनि कोही अल्पसंख्यकमाथि त्यस्तो दृष्टि राख्न पाइँदैन ।

हालै नेपालगञ्ज र मलंगवा घटनामा जसरी हिन्दु-मुस्लिम दूरी बढाउन खोजियो, त्यो दक्षिण सिमानाबाट आएकाहरू तथा आफ्नै देशको इतिहास र वर्तमान मानव बसोबासको आकार नबुझ्ने या बुझ्न नचाहनेहरूको सहकार्य थियो ।

भारतको निर्वाचनलाई मध्यनजर गरी हिउँदभरि यस्ता क्रियाकलाप बढ्ने सम्भावना प्रबल रहेकोले नागरिक समाज, स्थानीय सरकार, स्थानीय अगुवा तथा प्रहरी प्रशासन र अन्य पदाधिकारी सतर्क रहनुको विकल्प छैन ।

**हिन्दुत्व घूसपैठ**

'हिन्दु राष्ट्र' को माग विभिन्न कोणबाट आउने गरेको छ । राजावादी त एउटा खेमा भइहाले, पहाड तराईमा पण्डित्याइँ गर्ने समुदायको केही हिस्सा पनि 'हिन्दुत्व' प्रति लचक देखिन्छ – सजिलोको लागि, आफ्नो परम्परागत स्थानीय वर्चस्व कायम गर्न दर्शन, पाठ, पुरेत्याइँ, कर्मकाण्डमा ऊर्जा किन खर्च गर्ने, मात्र 'जय श्रीराम' अलापे पुग्यो । भारतीय टेलिभिजन र सामाजिक सञ्जालमा हुने भारतको हिन्दुत्व प्रचारवाजीको फाइदा लिए भइहाल्यो ।

सनातन हिन्दु दर्शनको गहिराइ बुझ्ने, अध्ययन अनुसन्धान गर्ने र त्यसलाई जीवनको अभीष्ट बनाउनेले राजनैतिक भाजपा मार्का हिन्दुत्व राजनीतिमा मोह राख्दैन । निरन्तर भारतीय सञ्चारमाध्यमको 'हिन्दुत्व प्रोपोगाण्डा' बाट पहाड-मधेशका केही नागरिक प्रभावित देखिन्छन् भने भारतीय प्रशासक, राजनीतिक तप्का, गुप्तचर र आरएसएस प्रचारकको हाम्रा नेतागण माथिको प्रभावका कारण आज नेपालमा हिन्दुत्वले विशेष टेको पाएको देखिन्छ ।

संविधानबाट 'धर्मनिरपेक्षता' हटाउन राजा फर्काउनुपर्ने भाजपा-आरएसएसले सोचेको देखियो भने अर्कोपट्टि देशका राजावादीहरूले राजा फर्काउन 'हिन्दुराष्ट्र' अँगाल्न चाहे । देशी र विदेशीको कस्तो उदेकलाग्दो यो सहकार्य । शुरूको पञ्चायतकालीन संविधानमा नेपाल 'हिन्दु राष्ट्र' कहलिएको थिएन, तर पनि देश चलेकै थियो । आफ्नो वर्चस्व थप स्थापित गर्न महेन्द्रले पहिलो पटक 'हिन्दु राष्ट्र' छिराए । २०४७ को संविधानमा 'हिन्दु राजतन्त्रात्मक राज्य' भनेर लेखियो, यसको सही व्याख्या थियो 'हिन्दु राजा भएको देश', राष्ट्र नै हिन्दु भनेर परिभाषित थियो भन्न मिल्दैन । आधुनिकीकरणले उथलपुथल भएको हाम्रो समाजमा मष्टो, तन्त्र वा शिवमार्गीदेखि प्रकृतिपूजकसम्मको संस्कृतिमाथि ठूलो बाढी चलेको छ, धेरै स्थानीय परम्परा लोप भइसके भने अन्य परम्परा द्रुत गतिमा कमजोर हुँदैछन् । यस्तो अवस्थामा भारतीय टेलिभिजनदेखि जिल्ला-जिल्ला छिरेका आरएसएस प्रचारक तथा यसका नेपाली समर्थकहरूको 'हिन्दुत्व हाँक' लाई पछ्याउन कतिलाई सजिलो पनि भयो । आम जनतासामु 'हिन्दुत्व' लाई 'हिन्दु'को पर्यायवाची जस्तो गरी पेश हुँदा कट्टरपन्थी जुझारुदेखि शहर-गाउँका राजनीतिक अवसरवादीलाई सजिलो भयो ।

हिन्दुत्वको पछि दौडने चर्को भाषणबाजबारे यति भन्न सकिन्छ, उनीहरूलाई नेपालको स्वतन्त्रता इतिहासबारे ज्ञान, बुझाइ र भरोसा छैन र 'हिन्दुपन' र 'हिन्दुत्व' पर्यायवाची भनेरै पेश गर्न चाहन्छन् । त्यसैले पनि अयोध्याको बाबरी मस्जिद भत्काएर त्यसको जगमाथि बन्न लागेको 'राम मन्दिर' को लागि भनेर हाम्रा नेता कालीगण्डकीका दुई शिला ट्रकमा 'डेलिभरी' गर्न हतारिए ।

सत्तारुढ, प्रमुख प्रतिपक्ष, रास्वपा, नेमकिपा, नागरिक उन्मुक्ति जुन कुनै पुराना वा नयाँ दलको कुरा गर्नुस्, एउटैले निर्धक्क धर्मनिरपेक्षताको पक्षमा र हिन्दुत्वको खिलाफ अडान लिन सकेका छैनन् । जसको अर्थ संविधान प्रतिरक्षार्थ चाहिने 'संविधानवाद' प्रति पर्याप्त समर्पित छैनन् । गत केही हप्तामा नाम चलेका हिन्दुत्ववादी वा राजावादी प्रचारमाझ 'छुपेरुस्तम' मिडिया सेलिब्रिटीको लचकता पनि बाहिर आयो, यति चाहिं राम्रै भयो ।

बुझौं, अहिले भारतबाट नेपालभित्र हुँदै गरेको हिन्दुत्व घूसपैठ तराई र राजधानी उपत्यकामा सीमित छैन । महाकालीपारिको उत्तराखण्ड राज्यका भाजपा मुख्यमन्त्री पुष्करसिंह धामीको अगुवाइमा मुसलमान विरोधी कट्टरपन्थी हिन्दुत्व अभियान चालिएको छ, उत्तराखण्डलाई 'मुसलमान मुक्त' क्षेत्र बनाउने भन्दै ।

जसरी पाकिस्तान, श्रीलंका अनि आज आएर भारतले 'धर्म' र 'राज्य'लाई अलग राख्न सकेनन्, त्यो खतरनाक बाटोमा नेपाल जानुहुँदैन, तर 'हिन्दु राष्ट्र' अभियानले त्यही गर्न खोज्दैछ ।वर्तमान नेपाल सरकारका प्रभावशाली नेता, मन्त्री तथा कतिपयका श्रीमतीहरू उत्तराखण्डको हावा सुदूरपश्चिम प्रान्तमा भित्र्याउन लागिपरेका देखिन्छन्, विशेषगरी उताबाट सुझाइएको 'मानस खण्ड' अभियानलाई सुदूरपश्चिममा टेक्ने ठाउँ बनाइदिएर ।

भूराजनीति र हिन्दुत्व राजनीतिलाई नबुझे झैं गर्दै यी नेता-नेतृले नयाँदिल्ली (प्रम नरेन्द्र मोदी) र लखनऊ (उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ) को आज्ञा पालन गरेको देखिन्छ; देश र जनतालाई बेफाइदा हुँदाहुँदै उनीहरु आफ्नो निजी राजनीतिको लागि भारत दाहिना राख्न चाहन्छन् ।

**२० प्रतिशतको अर्थ**

गणित विज्ञान नमान्ने हो भने बेग्लै कुरा, तर अंकको केही अर्थ छ, यदि तर्क-क्षमता पनि मानव मस्तिष्कको विशेष खुबी हो भने 'प्रतिशत' को अर्थ हुन्छ । नेपालको २०७८ सालको जनगणनाले नेपालको जनसंख्यामध्ये आफूलाई हिन्दु भनेर चिनाउने ८० प्रतिशत देखाउँछ भने २० प्रतिशतले आफूलाई हिन्दु भन्दैनन् । यसको अर्थ करिब ६० लाख नागरिक आफूलाई हिन्दु भनेर चिनाउँदैनन् ।

८० प्रतिशत हिन्दु धर्मावलम्बी छन् भन्दैमा ती सबैले 'हिन्दु राष्ट्र' को अवधारणा मान्दछन् भन्न पनि मिल्दैन । यी ८० प्रतिशत 'हिन्दु' मध्ये एक-एक अनुयायी या भक्तको हिन्दुपनको परिभाषा बेग्लै हुन सक्दछ, शिवभक्तदेखि धामीझाँक्री र नास्तिकसम्म । कतिपय नागरिक हिन्दु र बौद्ध संस्कार मान्ने पनि हुन्छन्, जबकि 'बुद्ध त विष्णुको नवौं अवतार हुन्' भन्ने पण्डित्याइँ टिप्पणी अधिकांश बौद्धमार्गीलाई सहजै स्वीकार्य हुँदैन ।

भारतमा हिन्दुत्वले हिन्दु धर्मलाई पाश्चात्य वा समुद्रपारका धर्म (यहुदी, इस्लाम, इसाई) जस्तै एकल भगवान्‌को थलो बनाउन लागिपरेको छ– एकल श्रीरामको 'नेतृत्व'मा, शिव-शक्ति, विष्णुका अन्य अवतार र अनगिन्ती पन्थका विभिन्न देवदेवी र आस्थाका केन्द्रलाई पाखा लगाउँदै ।

# जनतालाई राहत र ऋणीलाई सहुलियतका कार्यक्रम ल्याउनुपर्छ : अध्यक्ष नेपाल




**टुडे समाचारदाता**

कास्की । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको अर्थतन्त्रमा देखिएको सङ्कटका कारण प्रभावित बनेका व्यवसायी र ऋणीलाई सरकारले सहुलियत दिने कार्यक्रम ल्याउनुपर्ने बताएका छन् ।

समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीले पोखरामा शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले अहिले अर्थतन्त्र कामचलाउको अवस्थामा छ भनेर चित्त बुझाएर बस्न नहुने उल्लेख गरे । उनले भने, "विभिन्न कारणले धेरै व्यवसायीको हालत खराब भएको छ। ऋणको ब्याज बढेको छ । ऋण तिर्न नसकेर गम्भीर सङ्कटमा परेका व्यवसायीलाई ऋण चुक्ता गर्ने समय बढाएर हुन्छ वा ब्याजदर घटाएर हुन्छ राहत तथा लगानीकर्ता र ऋणीलाई सहुलियत दिनेबारे सरकारले सोच्नु पर्दछ ।"

अध्यक्ष नेपालले जनताका पीडा समाधान गर्ने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिए । उनले बेथिति र विसङ्गति अन्त्यका लागि पटक-पटक आफ्नो पार्टीले सरकारको ध्यानाकर्षण गर्दैआएको बताए । उत्पादन वृद्धि गर्ने र युवालाई स्वदेशमै रहने वातावरण निर्माण गरिनुपर्नेमा उनले जोड दिए । एकीकृत समाजवादी चुनौती सामना गर्ने आँट राखेर सबै शक्तिलाई एकताबद्ध बनाएर अघि बढिरहेको अध्यक्ष नेपालले स्पष्ट पारे । "हामी कसैप्रति आग्रह पूर्वाग्रह राख्दैनौं । हाम्रो निम्ति राष्ट्र र जनता नै मूल कुरा हुन् । राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको प्रवर्द्धन र स्वाभिमानको रक्षा हाम्रो निम्ति मुख्य कुरा हुन्", उनले भने ।

गण्डकीमा एकीकृत समाजवादीलाई मन्त्रिपरिषद्मा सहभागी नगराएर मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहमतिको पालना नगरेको अध्यक्ष नेपालको आरोप थियो । उनले पार्टीलाई मन्त्रिपरिषद्मा सामेल गराउने विषयमा थप कुराकानी गर्ने स्पष्ट पारे । केन्द्रीय, प्रदेश र स्थानीय सरकारले आफ्नो विकासको प्राथमिकता तोकेर त्यही अनुरुप काम गर्नुपर्ने अध्यक्ष नेपालको सुझाव थियो ।

# लाभ र प्रभावमा नपरी काम गर्न मुख्यमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

मोरङ । कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्कीले जनप्रतिनिधि र कर्मचारीलाई लाभ र प्रभावमा नपरी कार्य गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीद्वारा शनिबार विराटनगरमा आयोजित भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवससम्बन्धी कार्यक्रम उद्घाटन गर्दै उनले ऐन, नियमावली, कार्यविधिअनुसार काम गरे अख्तियारले दण्डित होइन पुरस्कृत गर्ने बताए ।

मुख्यमन्त्री कार्कीले संविधानले दिएको अधिकार प्रयोग गर्दै स्थानीय तहबीच सुशासन कायम गर्नेतर्फ प्रतिस्पर्धामा लाग्न आग्रह गरे । "राज्यका सबै अङ्क एक अर्काका पूरक हुन्, आयोग अपराधीका लागि कठोर हो भने असल नियतले काम गर्नेका लागि पवित्र नदी गङ्गा हो", उनले भने । उनले तोकिएभन्दा कम रकममा टेण्डर सम्झौता गरी काम नगर्नु पनि भ्रष्टाचार भएकाले प्रदेश सरकारले यस कार्यलाई कुनै किसिमको छुट नदिने प्रष्ट पारे ।

प्रदेशका प्रमुख सचिव डा दीपक काफ्लेले सरकारका सबै अङ्ग भ्रष्टाचारविरुद्धमा लाग्नु पर्ने बताए । मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले भ्रष्टाचार नियन्त्रणमा सबैले आफ्नो क्षेत्रमा लाग्नुपर्नेमा जोड दिए । त्यस अवसरमा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले अख्तियारबाट स्थानीय तह पीडित भएकाले उजुरी उपर अनुसन्धान छिटो टुङ्ग्याउन सुझाव दिए ।

# भेटियो दुर्लभ चरा 'स्वेतमाथा कलहाँस'



**टुडे समाचारदाता**

भक्तपुर । भक्तपुरमा पहिलोपटक साइबेरियन दुर्लभ पक्षी स्वेतमाथा कलहाँस अर्थात् ग्रेटर ह्वाइट फेन्टेट गुज भेटिएको छ ।

पक्षी संरक्षण तथा अन्वेषणकर्ता सञ्जय था श्रेष्ठले काठमाडौं उपत्यकामा पहिलोपटक भक्तपुरको हनुमन्ते फाँटमा हाँस प्रजातिको दुर्लभ चरा स्वेतमाथा कलहाँस भेटिएको जानकारी दिए ।

कलहाँस नेपालमा पहिलोपटक सन् २००४ मार्च २४ मा देखिएको थियो । त्यतिबेला कोशी टप्पु वन्यजन्तु आरक्षणमा दुईवटा कलहाँस भेटिएका थिए । गर्मी मौसममा निकै माथि उचाइमा उडेर बास बस्ने कलहाँस चरा गत वर्ष नारायणी नदी आसपास क्षेत्रमा चारवटा पाइएको थियो ।रुस, साइबेरियालगायत अति चिसो मुलुकबाट जाडो छल्न नेपाल प्रवेश गर्ने क्रममा हनुमन्तेमा आइपुगेको बताउँदै पक्षीविज्ञ डा कमलराज गोसाइ, सुजन श्रेष्ठ र सूर्यमान श्रेष्ठले हनुमन्तेमा यी चराको तस्वीरसमेत कैद गरेका छन् ।

गोसाइका अनुसार यो चरा चिसो मौसममा बस्न नसक्ने भएकाले चिसो छल्न नेपाल आएको हो । कलहाँस हनुमन्तेमा आएपछि हिमालयन नेचर, वर्ड कन्जरभेसन नेपाल र विश्वकै चराहरूको अवस्थाबारे रेकर्ड राख्ने ई-वर्ड नेपालले अभिलेख गरेको उनले बताए । करिब तीनदेखि चार केजी तौल हुने कलहाँस जाडो छल्न नेपाल आएपछि करिब दुई महिनापछि गन्तव्यतर्फ फर्कने गर्दछ ।

# महिला हकअधिकारका लागि कानुनमा विशेष प्रावधान छ : मन्त्री आचार्य




**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले राज्यका सरचनामा पछिल्लो समय महिला सहभागिता दिनानुदिन बृद्धि हुँदैगएको बताएका छन् । नेपाल प्रेस युनियन महिला विभागद्वारा शनिबार यहाँ आयोजित 'समान सहभागिताका लागि सञ्चारकर्मीको भूमिका' विषय अन्तरक्रियामा उनले विश्वका कयौं मुलुकका तुलनामा नेपालमा महिला हकअधिकारका लागि कानुनी विशेष प्रावधान रहेको उल्लेख स्पष्ट गरे ।

मन्त्री आचार्यले भने, "संविधानले सुनिश्चित गरेका समानुपातिक र समावेशी प्रतिनिधित्वका विषयलाई तीन तहका सरकारले कार्यान्वयन गर्दै अघि बढेको छ । सरकारी प्रयासले मात्रै भने महिला हिंसा अन्त्य र प्रतिनिधित्व सुनिश्चित गर्न कठिन हुन्छ ।" जबसम्म समाजमा महिलालाई हेर्ने दृष्टिकोण र सहभागिता सुनिश्चित हुन सक्दैन तबसम्म मुलुक परिवर्तन हुन नसक्ने बताउँदै उनले समाजमा ठूलो रोगका रुपमा रहेको भ्रष्टाचार महिलाले नेतृत्व गरेका निकायमा तुलनात्मक रुपमा कम रहेको जानकारी दिए । मन्त्री आचार्यले भने, "महिलालाई थप अधिकार दिने विषयमा हामी गम्भीर हुनैपर्छ, महिलाले पनि अधिकारसँगै आफ्नो क्षमता अभिवृद्धि गर्दै जानुपर्छ । संविधानले महिला अधिकार र समावेशिताको पक्ष सुनिश्चित गरेको छ ।"महिलालाई अधिकार दिने नाममा आफ्नो परिवार र नातागोता अघि बढाउने कार्यको चौतर्फी विरोध भइरहेको बताउँदै उनले यस्ता विकृतिलाई अन्त्य गर्न सञ्चार जगतले पनि कमल चलाउनुपर्छ भने ।

मन्त्री आचार्यले भने, "समाजमा महिला शिक्षास्तर कमजोर छ, रुढीवादी परम्परा व्याप्त छ, पत्रकार समाजको वौद्धिक वर्ग हो । तपाईहरुको कलम त्यस्ता रुढीवादी र गलत क्रियाकलापविरुद्ध प्रयोग हुनुपर्छ ।"

राष्ट्रपतिका प्रेस सल्लाहका किरण पोखरेलले विश्वका कयौं विकसित मुलुकको तुलनामा नेपालमा महिला हकहित र अधिकारसम्बन्धी कानुनी व्यवस्था उच्च रहेको बताए । उनले भने, "महिलाको समान सहभागिताका लागि कानुनी प्रबन्ध व्यवस्थित र प्रयाप्त छ । कार्यान्वयनको पाटो भने अझै कमजोर नै देखिन्छ, अझै पनि धेरै महिलालाई आफ्नो हकअधिकारसम्बन्धी कानुनी व्यवस्था थाहा नै छैन ।"युनियनका अध्यक्ष शिव लम्सालले युनियनमा आबद्ध महिला पत्रकारलाई सङ्गठनले महत्वपूर्ण जिम्मेवारी प्रदान गर्दै आएको बताउँदै क्षमता अभिवृद्धिमा सक्दो सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घकी पूर्वउपसभापति अनिता विन्दुले संविधानले प्रदान गरेको समानता र स्वतन्त्रताको उपभोग गर्दै निशङ्कोच रुपमा महिलाले हकअधिकारका लागि आवाज उठाउनुपर्ने आवश्यकता औंल्याईन् । युनियनका पूर्वअध्यक्ष रमेश तुफान र उपाध्यक्ष नकुल अर्यालले समावेशी र समानताको विषय लक्षित समुदायमा पुग्न नसकेको बताए ।

आयोजक संस्था युनियनको महिला विभागकी प्रमुख सलोजा दाहाल, सञ्चारिका समूहका अध्यक्ष विमला तुम्खेवा, नेपाली कांग्रेस ओखलढुङ्गाकी नेत्री गोमा केसी र महासङ्घकी उपाध्यक्ष बाला अधिकारीलगायतले समावेशीतामार्फत अघि बढेका महिलालाई नेतृत्वमा पुऱ्याउनु अहिले प्राथमिक चुनौती भएको बताईन् ।

सो अवसरमा युनियन गोरखापत्र शाखा अध्यक्ष राधा चालिसे प्रस्तुत गरेका कार्यपत्रमा टिप्पणी गर्दै महासङ्घका पूर्वसचिव रामजी दाहालले पूर्वीय सभ्यता अङ्गालेको नेपाली समाजले महिलाको सम्मान र सहभागितामा प्रश्न खडा हुन्न भनेर कल्पना गर्न नमिल्ने धारणा राखे ।

# दुस्प्रचारबाट भ्रमित नहुन प्रधानमन्त्री सचिवालयको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को स्वकीय सचिवालयले तथ्य प्रमाणविना झुट्टा प्रचार नगर्न सम्बन्धित सबैमा आग्रहसमेत गरेको छ ।

केहीदिन अघि प्रधानमन्त्री र स्वकीय सचिवको नाम एनसेल प्रकरणमा मुछेर दुस्प्रचार गरेकामा पनि सचिवालयले आपत्ति जनाएको छ । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले प्रधानमन्त्री र सचिवालयमाथि लगाइएका त्यस्ता आरोपको पुष्टि गर्न चुनौतीसमेत दिएका छन् ।

यसै विषयलाई लिएर विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालबाट झुट्टा प्रचार भइरहेकामा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै उनले यसप्रकारका दुस्प्रचारबाट भ्रमित नहुन सबैमा आग्रह गरे । कानुन विपरित एनसेलको शेयर खरिदबिक्री प्रक्रिया अघि बढाउन सक्रिय समूह गैरकानुनी कार्य रोक्न लागि परेको सरकारविरुद्ध नै झुट्टा प्रचारवाजीमा उत्रिएको भन्दै सल्लाहकार आचार्यले सरकारले एनसेलको अवैध कार्य रोक्ने र गैरकाननुनी कार्यमा संलग्नमाथि कडा कानुनी कारबाही गर्ने स्पष्ट पारे ।

# भ्रष्टाचार अन्त्यका लागि नैतिकता र इमान्दारिताको खाँचो : मुख्यमन्त्री शाह

**टुडे समाचारदाता**

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न सबैमा नैतिकता र इमान्दारिता हुनुपर्ने खाँचो औंल्याउनुभएको छ । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस, २०८० को अवसरमा धनगढीमा आज आयोजित कार्यक्रममा उनले सुशासन कायम गर्न अब फरक ढङ्गले लाग्नुपर्नेमा जोड दिए ।

ऐन नियमलाई आफू अनुकूल व्याख्या विश्लेषण गर्ने प्रवृत्तिका कारण विभिन्न समस्या सिर्जना हुने गरेको उल्लेख गर्दै मुख्यमन्त्री शाहले भने, "प्रदेशमा भ्रष्टाचार नियन्त्रणका लागि हामी सबैका पाइला गलत दिशामा जानु हुँदैन ।" कसैको दबाबमा नपरी सुशासन कायम गर्न निर्धक्क भएर काम गर्न अख्तियार दुरुपायोग अनुशन्धान आयोगलाई आग्रह गर्दै उनले ऐन, नियम, कानुनलाई अख्तियारको छाताभित्र ल्याउँदैमा भ्रस्टाचारको अन्त्य हुन नसक्ने बताए ।

प्रदेश सरकारका निमित्त प्रमुख सचिव गङ्गाबहादुर खरेलले सबैले आफ्नो आचरणमा सुधार गरे भ्रष्टाचारका सवालमा कसैले औंला ठड्याउन नपाउने बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग कञ्चनपुरस्थित कार्यालयका प्रमुख आस्मान तामाङ्ले भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा भएका कानुनी तथा संस्थागत व्यवस्था, अन्तर्राष्ट्रिय प्रतिबद्धता र नियन्त्रणका लागि भइरहेका प्रयासबारे स्पष्ट पारे ।

कार्यक्रममा कैलालीका प्रमुख जिल्ला अधिकारी युवराज कटेल, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीलगायतले आ-आफ्नो धारणा राखेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोग कञ्चनपुरका प्रमुख तामाङका अनुसार सुदूरपश्चिम प्रदेशमा अनियमितता एवं भ्रष्टाचार भएको भनी कार्यालयमा उजुरी पर्ने क्रम बढ्दै गएको छ । कार्यालयमा गत वर्ष एक हजार दुई सय ७३ उजुरी परेकामा चालु वर्षको हालसम्ममा पाँच सय ८२ उजुरी परेका छन् । प्रदेशमा नौ सय ५३ मुद्दा छानविनका क्रममा रहेकामा सबैभन्दा बढी स्थानीय तहका छ सय पाँच मुद्दा छन् । यीमध्ये प्रदेश सरकार र सङ्घीय सरकारका तीन सय ४८ उजुरी रहेकामा ७१ उजुरी प्रदेश सरकारसँग सम्बन्धित रहेका प्रमुख तामाङ्ले जानकारी दिए ।

"प्रदेश सरकारका मुद्दा छानविनका क्रममा छन्, सबैभन्दा बढी उजुरी निर्माणसँग सम्बन्धित छन्", उनले भने, "सार्वजनिक सेवा प्रवाह, क्षमता विकास, प्राकृतिक स्रोतसाधनको उत्खनन, समाजिक सुरक्षा भत्ता, सरकारले दिने गरेको अनुदान सम्बन्धी उजुरी पनि अत्यधिक छन् ।"

# रोटरीको नि:शुल्क स्वास्थ्य शिविर

**टुडे समाचारदाता**

काठमाण्डु । रोटरी क्लब अफ काठमाडौं वेष्ट, स्पार्क हेल्थ होम र प्रहरी वृत्त कालिमाटीको संयुक्त आयोजनामा शनिबार कालिमाटी वृत्तमा स्वास्थ्य शिविर आयोजना गरिएको छ ।

वरिष्ठ प्रहरी उपरीक्षक भूपेन्द्र खत्रीले शुभारम्भ गरेको सो शिविरमा एक सयभन्दा बढी प्रहरी र कैदीको स्वास्थ्य परीक्षण गरिएको थियो । समारोहमा रोटरी क्लब अफ काठमाडौं वेष्टले ५९ ट्राफिक प्रहरीका लागि निःशुल्क चस्मा प्रदान गरेको थियो ।

स्वास्थ्य विशिरमा डा प्रकाश श्रेष्ठ, डा अग्नीकुमार महतो, डा दृष्टि श्रेष्ठ, डा आनन्द शाह, डा रुपा बलामी र डा दिपिका बराल क्षेत्रीलगायतका डाक्टरले प्रहरी र कैदीको स्वास्थ्य परीक्षण गरे । शिविरमा नाक, कान, घाँटी, दात र नसासम्बन्धी रोगको परीक्षण गरिएको थियो । स्वास्थ्य शिविरमा स्पार्क हेल्थ होमले निःशुल्क औषधि वितरण गरेको निर्देशक रुपेश अधिकारीले जानकारी दिए ।

# सडक स्तरोन्नति नहुँदा यात्रा असहज




**टुडे समाचारदाता**

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का बासिन्दा प्रदेश राजधानी पोखरा चितवन, पश्चिम नवलपरासी, रुपन्देही र पाल्पा हुँदै जानुपर्ने अवस्था छ । सदरमुकाम कावासोतीलाई प्रदेश सदरमुकामसम्म जोड्ने सडक स्तरोन्नति नहुँदा सास्ती खेप्नुपरेको छ । पूर्वपश्चिम राजमार्गको दलदलेबाट एक सय २५ किलोमिटरको यात्रा गरेर पोखरा पुग्न सकिने भए पनि सडक स्तरोन्नति नहुँदा समस्या भएको छ ।

"पूर्वपश्चिम राजमार्गसँग जोडिएको देवचुली नगरपालिका-१३ दलदलेबाट कुमसोत, पोखरी, कोखे, डेढगाउँ हुँदै तनहुँको मानपुर, भिमाद भएर पोखरा जाने छोटो सडकको ट्र्याक खुलेको छ", देवचुली नगरपालिका-१२ गैंडीका शेर बहादुर पौडेलले भने, "सडकको स्तरोन्नति नहुँदा यात्रा सहज छैन ।" कुमसोत कटेपछि पोखरीसम्म करिब सात किलोमिटर सडक अत्यन्तै जीर्ण छ । हुप्सेकोट गाउँपालिकाको पाङ्ग्रेमा पहिरो गइरहन्छ । "करिब तीन दशक अगाडि यो ट्र्याक खुलेको हो । अहिलेसम्म स्तरोन्नति गरिएको छैन", उनले भने। बौदीकाली गाउँपालिकाको पोखरीबाट कोखेसम्म सडक स्तरोन्नति गरिएको छ।

"पाङ्ग्रेमा बर्खाको बेला सधैं पहिरो खस्नेगरेकोछ", पौडेलले भने। दलदले-धौवादी सडकखण्ड (देवचुली खण्ड)का सडक निर्माण समितिका अध्यक्ष रामप्रसाद मरासेनीले सडक निर्माण भएको लामो समय हुँदासमेत स्तरोन्नति हुन नसक्नु दुःखद विषय भएको बताए । "हामीले प्रत्येक मुख्यमन्त्रीलाई सडकको अवस्थाबारे जानकारी गराए पनि आश्वासन मात्रै पाउने गरेका छौं", उनले भने। सडक स्तरोन्नति गरिए नवलपुरको व्यापार, पर्यटनलगायतका लागि सहज हुन्छ। पहाडी क्षेत्रमा उत्पादन भएका फलफूल तथा कृषिजन्य सामग्री सहजरुपमा बजार लैजान सकिने स्थानीय बताउँछन् । विसं २०४५ मा उक्त सडकको ट्र्याक खोल्ने काम गरिएको थियो।

# 'दिगो र स्थायी मापदण्डसहितको जलविद्युत् विकास अपरिहार्य'



**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको जलविद्युत् क्षेत्रको विकासका लागि दिगो र स्थायी मापदण्डसहितको कार्यदिशा आवश्यक रहेको विज्ञहरुले औंल्याएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान) ले आयोजना गरेको 'जलविद्युत् दिगोपन मापदण्डको व्यावसायिक मूल्य' विषयक कार्यकारी नेतृत्व विकास कार्यशालामा नेपालको जलविद्युत् क्षेत्रको विकासका लागि दिगो खालको नीति आवश्यक रहेकोमा जोड दिए ।

इप्पान अध्यक्ष गणेश कार्कीले समुदाय र वातावरणको भलाइका लागि जलविद्युत्को दिगोपनामा ध्यान दिनुपर्ने बताए ।

नेपाल जलविद्युत् दिगोपनका मापदण्ड अपनाउने देशमा अग्रणी नै रहेको भन्दै उनले क्यानडा, ब्राजिललगायत देशका केही जलविद्युत् आयोजनाले यसअघि नै स्वर्ण प्रमाणपत्र लिएको पनि कार्कीले बताए । "केही निजी जलविद्युत् कम्पनीले दिगोपनको मापदण्ड पूरा गरेको प्रमाणपत्र लिइसकेका छन् भने अन्य प्रक्रियामा छन्", कार्कीले भने, "वैदेशिक लगानी आकर्षित गर्न जलविद्युत्को दिगोपनाका मापदण्ड पूरा गर्नु आवश्यक छ ।"

अध्यक्ष कार्कीले जलविद्युत्को दिगोपनाका लागि सरकार, अन्तर्राष्ट्रिय र निजी क्षेत्रसँगसँगै हिँड्नुपर्ने बताए ।

त्यस अवसरमा बिजबेलका संस्थापक तथा अन्तर्राष्ट्रिय जलविद्युत् सङ्घ (आईएचए)का उपाध्यक्ष सुशील पोखरेलले नेपालबाट तीन वटा आयोजनाले विशिष्ट प्रमाणपत्र प्राप्त गरिसकेको अब यसलाई अभियानकै रुपमा अघि बढाउनुपर्नेमा जोड दिए ।

हाइड्रोपावर सस्टेनेबिलिटी एलाइन्स (एचएसए) का नायव कार्यकारी निर्देशक एलियन किलाजिनले जलवायु परिवर्तनको बदलिँदो अवस्थामा दिगो मापदण्डमा जानु अनिवार्य जस्तै भइसकेको बताए । उनले विश्वका विभिन्न देशमा जलवायु परिवर्तनले पारेको प्रभावको उदाहरण दिँदै दिगोपनका मापदण्ड पूरा गर्दा त्यसले वातावरण, समाज र सुशासनमा सकारात्मक प्रभाव पारेको बताए ।

जलविद्युत् लगानी तथा विकास कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतमले नेपालले १० वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको र त्यसका लागि कम्तीमा ३० अर्ब डलर लगानी आवश्यक हुने बताए ।

डोल्मा इम्प्याक्ट फण्डका कार्यकारी निर्देशक विद्यावारिधी सिग्देलले नेपालमा जलवायू कोष, हरित कोषको लगानी आकर्षित गर्न नेपालले दिगो विकासको मापदण्ड पालना गर्नुपर्ने धारणा राखे ।

नेपाली आयोजनाले स्वर्ण प्रमाणपत्र लिएपछि नेपालको स्वच्छ ऊर्जालाई कार्बन व्यापारसँग जोड्न सकिने सिग्देलको भनाइ थियो ।

# युद्धकालीन यौनदासीहरूका लागि फैसला भएपछि जापानले कुनै अपिल गरेन-दक्षिण कोरिया

**एएफपी**

सोल । टोक्योले कुनै अपिल नगरेकाले युद्धकालमा जबरजस्ती यौन दासत्वमा परेका १६ महिलालाई क्षतिपूर्ति दिन जापानलाई आदेश दिने दक्षिण कोरियाली अदालतको फैसलालाई 'अन्तिम रूप' दिइएको दक्षिण कोरियाको विदेश मन्त्रालयले शनिबार बताएको छ।

मूलधारका इतिहासकारहरूका अनुसार दोस्रो विश्वयुद्धमा अधिकांश कोरियालीसहित चीन र एसियाका अन्य भागका दुई लाख महिला जापानी सैनिकहरूका लागि यौनदासी बन्न बाध्य भएका थिए। सन् १९१० देखि सन् १९४५ सम्म कोरियाली प्रायद्वीपमा जापानको औपनिवेशिक शासनका बारेमा जापान र दक्षिण कोरियाको ऐतिहासिक विवादको एक भागका रूपमा रहेको यो मुद्दाले दुई अमेरिकी सहयोगीबीचको द्विपक्षीय सम्बन्धलाई लामो समयदेखि प्रभावित बनाएको छ।

नोभेम्बर २३ को फैसलाले मुद्दा खारेज गर्ने तल्लो अदालतको निर्णयलाई उल्ट्याउँदै टोक्योलाई प्रत्येक कोरियाली उजुरीकर्तालाई करिब २० करोड वन (एक लाख ५२ हजार अमेरिकी डलर) भुक्तानी गर्न आदेश दिएको थियो। उक्त फैसलापछि जापानका विदेशमन्त्री योको कामिकावाले फैसला 'विल्कुल अस्वीकार्य' र 'स्पष्टरूपमा अन्तर्राष्ट्रिय कानून र दुवै मुलुकबीचको सम्झौताको विपरीत' रहेको बताउनुभएको थियो। दक्षिण कोरियाली मिडियाहरूले टोक्योको अपिल नगर्ने निर्णय त्यस्ता फैसलालाई खारेज र न्यूनीकरण गर्ने अभियानको निरन्तरता हो भनेका छन्। उनीहरूका अनुसार अन्य मुलुकका अदालतको अधिकार क्षेत्रको अधीनमा नरहेको तर्क गर्दै जापानले लामो समयदेखि अन्तर्राष्ट्रिय कानूनअन्तर्गत 'राज्य प्रतिरक्षा' दाबी गर्दै आएको छ।

***नोभेम्बर २३ को फैसलाले मुद्दा खारेज गर्ने तल्लो अदालतको निर्णयलाई उल्टचाउँदै टोक्योलाई प्रत्येक कोरियाली उजुरीकर्तालाई करिब २० करोड वन (एक लाख ५२ हजार अमेरिकी डलर) भुक्तानी गर्न आदेश दिएको थियो। उक्त फैसलापछि जापानका विदेशमन्त्री योको कामिकावाले फैसला 'विल्कुल अस्वीकार्य' र 'स्पष्टरूपमा अन्तर्राष्ट्रिय कानून र दुवै मुलुकबीचको सम्झौताको विपरीत' रहेको बताउनुभएको थियो।***

जापानी सरकार, प्रतिवादीका तर्फबाट कुनै अपिल नभएको भन्दै सोलको विदेश मन्त्रालयले अदालतको फैसलालाई आज अन्तिम रूप दिइएको बताएको छ। "दक्षिण कोरियाली सरकारले पीडित महिलाहरूको सम्मान र प्रतिष्ठा कायम राख्नका लागि प्रयास जारी राख्नेछ, साथै दक्षिण कोरिया र जापानले भविष्य उन्मुख तरिकाले सहयोग जारी राख्ने कुराको सुनिश्चित गर्नेछ", विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ। सन् १९६५ को सन्धिले औपनिवेशिक कालसँग सम्बन्धित सबै दाबीलाई व्यवस्थित गरेको जापानले जोड दिएको छ। उक्त सन्धिअन्तर्गत दुवै मुलुकले करिब ८० करोड अमेरिकी डलरको अनुदान र सस्तो ऋणको क्षतिपूर्ति प्याकेजका साथ कूटनीतिक सम्बन्ध पुनःस्थापना गरेका थिए। जापानसँग लामो समयदेखि चलिरहेको ऐतिहासिक विवादका बावजुद दक्षिण कोरियाको कन्जरभेटिभ सरकारले आणविक हतियारयुक्त उत्तर कोरियबाट बढ्दो खतराहरूको सामना गर्नका लागि टोक्यो र वासिङ्टन दुवैसँग आफ्नो सैन्य सहयोगलाई विस्तार गरेको छ।

तीनै सहयोगीले शनिबार प्योङ्याङको सामना गर्नका लागि 'नयाँ त्रिपक्षीय पहल' सुरु गरेको घोषणा गरेका छन्। उक्त पहलमा उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणमा वास्तविक समय डाटा-साझेदारी अभियानका अतिरिक्त उनीहरूको तट रक्षकहरूबीच 'गहिरो सहयोग' पनि समावेश छ।

# राजेश्वर नेपाली क्रिकेट कपमा बेला टिम विजयी

**टुडे समाचारदाता**



जनकपुरधाम । प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको स्मृतिमा जनकपुरधाम उप महानगरपालिका वडा नं २३ बेलामा महामना राजेश्वर नेपाली टि-२० क्रिकेट प्रतियोगिताको चौथो दिनको खेलमा धनुषाको बेला क्रिकेट टिम १ विकेटले जीत हासिल गरेको छ।

शनिवार धनुषाको बेला र जनकपुरधाम ८ बलवा क्रिकेट टिमबीच भएको खेलमा बेला क्रिकेट टिमले दिएको १५१ रनको लक्षयलाई पछ्याउँदै बलवा क्रिकेट टिमले १४२ रन बनाएर अल आउट भई सबै विकेट गुमाएर पराजित भएको थियो ।टस जितेर पहिलो इनिङमा ब्याटिङ गरेको बेला क्रिकेट टिमले खेलेको आक्रामक खेल दर्शकहरुका लागि आकर्षण बनेको थियो ।उक्त खेलमा म्यान अफ दी म्याच बेला क्रिकेट टिमका जगदीश मुखियालाई घोषित गरिएको थियो।

आजै धनुषाको कनकपट्टी र प्रको महुवा बीच भएको खेलको पहिलो इनिङमा टस जितेर ब्याटिङ गरेको कनकपट्टी क्रिकेट टिमले १०५ रन बनाएर अल आउट भएको थियो।

दोश्रो इनिङमा प्रको महुवा क्रिकेट टिमले मात्र ६३ रन बनाएर अल आउट भएपछि कनकपट्टी क्रिकेट टिम ४२ रनले जीत हासिल गरेको थियो।दोश्रो खेलको म्यान अफ दी म्याच कनकपट्टी क्रिकेट टिमका सञ्जीवलाई घोषित गरिएको थियो।

दूधमती युवा क्लब वडा नं २३ वेला जनकपुर धामको आयोजनामा जारी भएको प्रतियोगितामा धनुषा तथा महोत्तरी जिल्लाका गरी १६ टिमको सहभागिता रहेको छ । १३ दिनसम्म चल्ने प्रतियोगितामा विजय हासिल गर्नेका लागि प्रथम पुरस्कार ५५ हजार ५ सय ५५ र दोश्रो पुरस्कार २५ हजार ५ सय ५५ रुपैया , प्रमाण पत्र र कप रहेको आयोजक जनकपुरधाम उप महानगरपालिका वडा नं २३ का वडा अध्यक्ष राघबेन्द्र प्रसाद साहले बताए। उहाँले महामना राजेश्वर नेपाली टी ट्वेन्टी क्रिकेट प्रतियोगितालाई आगामी वर्षहरूमा निरन्तरता दिने र उक्त खेल जनकपुरधामको बेला लादो अवस्थित १४ बिघा जग्गा रहेको राजेश्वर नेपाली खेलकूद मैदानमा आयोजना गरिने बताएका छन्।

# गाजा युद्धमा अमेरिकाको भिटोपछि इरानले दियो 'विस्फोट' को चेतावनी

**एएफपी**



तेहरान । अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले शनिबार मध्यपूर्वमा अवस्थाको 'नियन्त्रण गर्न नसकिने विस्फोट' हुने खतरको चेतावनी दिएको छ।

इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर-अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गर्नुभयो।

इजराइली अधिकारीहरूका अनुसार इरान समर्थित इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७मा दक्षिणी इजराइलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने हमासले करिब दुई सय ४० जनालाई बन्धक बनाएको छ।

इजराइलले जवाफमा हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला सुरु गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजराइल अमेरिकाको मुख्य सहयोगी मुलुक हो।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले शुक्रबार भिटो लगाएको थियो। उक्त प्रस्तावले हमासलाई अक्टोबर ७ मा गरेको हमलालाई दोहोऱ्याउन सक्षम बनाउने भन्दै भिटो लगाउनुपरेको अमेरिकाले बताएको छ।

इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर-अब्दुल्लाहियानले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भन्नुभयो, "जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ।"

इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसङ्घ बडापत्रको धारा ९९ लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम' का रूपमा प्रयोग गर्ने राष्ट्रसङ्घीय महासचिवको प्रशंसा गर्नुभयो।

एक साताको युद्धविरामपछि डिसेम्बर १ देखि इजराइल र हमासबीच पुनः युद्ध सुरु भएको छ। इजराइलका अनुसार हमासले युद्धविरामको उल्लङ्घन गरेको छ। विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले महासचिव गुटेरेससँग भन्नुभयो, "हमासले युद्धविरामको उल्लङ्घन गरेको इजराइलको दाबी सम्पूर्णरूपमा गलत हो।" उहाँले इजराइलका लागि अमेरिकी समर्थनले स्थायी युद्धविराम हासिल गर्न कठिन बनाएको बताउनुभयो।

# लेबनान-इजरायल सीमामा भिडन्त, ६ को मृत्य

**सिन्ह्वा**

बेरुत। लेबनान-इजरइल सीमामा शुक्रबार भएको भिडन्तमा चार हिजबुल्लाह लडाकू र प्यालेस्टिनी इस्लामिक जिहाद (पिआइजे) अभियानका दुई सदस्य मारिएको लेबनानी सैन्य सूत्रले बताएको छ।

दक्षिणी लेबनानमा सीमावर्ती इलाकालाई निशाना बनाएर गरिएको इजराइली बमबारीमा चार लेबनानी नागरिक र दुई लेबनानी सैनिक घाइते भएको नाम उल्लेख नगर्ने सर्तमा सूत्रले बतायो।

दुई अलगअलग इजराइली आक्रमणमा चार हिजबुल्लाह लडाकू मारिएको सूत्रले उल्लेख गरेको छ। दक्षिण पश्चिम लेबनानको जङ्गली क्षेत्रलाई निशाना बनाएर गरिएको इजराइली आक्रमणमा पिआइजेका दुई सदस्यको मृत्यु भएको थियो। सैन्य सूत्रका अनुसार लेबनानको दक्षिणपश्चिममा २६ र दक्षिणपूर्वका १५ सहर र गाउँमा इजराइलले बमबारी गरेको छ।

यसैबीच आफ्ना लडाकूले इजराइलका सात स्थानमा आक्रमण गर्दा एक जनाको मृत्यु भएको र अन्य एक घाइते भएको हिजबुल्लाहले बताएको छ।

# महिला विश्वकप आयोजनका लागि तीन समूहको निवेदन

**एएफपी**




पेरिस। फिफाले सन् २०२७ मा हुने महिला विश्वकप आयोजनाका लागि तीन वटा समूहको बोलपत्र दर्ता भएको शनिबार पुष्टि गरेको छ । युरोपबाट बेल्जियम, नेदरल्याण्ड्स र जर्मनीले संयुक्त रूपमा निवेदन पेश गरेका छन् भने मेक्सिको र संयुक्त राज्य अमेरिकाले पनि शुक्रबारको समयसीमाभन्दा ठीक अघि अर्को संयुक्त निवेदन पेश गरेका छन्।

त्यस्तै ब्राजिलले भने एकलपमा आयोजनाका लागि निवेदन दिएको छ । फिफाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "फिफाले सन् २०२४ को फेब्रुअरीमा हुने स्थलगत निरीक्षण भ्रमणसहित विस्तृत मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नेछ र त्यसपछि मे २०२४ पछि बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा आफ्नो निष्कर्ष प्रकाशित गर्नेछ।"

सन् २०२४ को मे १७ मा बैंककमा हुने फिफाको सम्मेलनमा खुला मतदानमार्फत अन्तिम निर्णय गरिनेछ ।दक्षिण अफ्रिकाले सन् २०३१ का लागि तयारी अवस्थामा रहेको बोलपत्र पेश गर्न चाहेको बताएपनि गत महिना पछि हटेको थियो ।संयुक्त राज्य अमेरिकाले सन् १९९९ र सन् २००३ को महिला विश्वकप एकल आयोजना गरेको थियो भने जर्मनीले सन् २०११ को महिला विश्वकप आयोजना गरेको थियो। गत वर्ष जुलाई र अगष्टमा अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गरेको महिला विश्वकपको फाइनलमा स्पेनले इङ्ल्यान्डलाई हराएको थियो।

# रोनाल्डोको १२ सयौँ खेल पूरा



**टुडे समाचारदाता**

काठमाण्डु । पोर्चुगल तथा अल नासेरका फरवार्ड क्रिस्टियानो रोनाल्डोले आफ्नो करियरको १२ सयौँ खेल खेलेका छन् ।अल नासेरका लागि अल-रियादविरूद्ध खेलेको खेलमा उनले एक गोल र एक असिस्ट गरे । साउदी प्रो लिग अन्तर्गत अल-रियादलाई ४-१ ले हराउँदा साडियो मानेको पासमा गोल गरेका ३८ वर्षीय रोनाल्डोले ओटाभियोका लागि असिस्ट पनि गरेका थिए।

रोनाल्डोले आफ्नो यो उपलब्धिसम्म आइपुग्दा सहयोग गर्ने सबैलाई धन्यवाद दिएका छन् र आफ्नो काम अझै नसकिएको बताएका छन् ।पोर्चुगिज फरवार्ड रोनाल्डोले यस सिजन साउदी प्रो लिगमा १५ खेलमा १६ गोल गरेका छन् र सर्वाधिक गोल गर्नेमा शीर्ष स्थानमा छन् ।इंग्ल्याण्डका पूर्व गोलकिपर पिटर सिल्टजले व्यावसायिक खेल जोनमा १ हजार ३८७ खेल खेलेका छन्।

रोनाल्डोले यसअघि २०२० फेब्रुअरीमा आफ्नो एक हजारौँ खेल खेल्दा पनि युभेन्ट्सका लागि गोल गरेका थिए ।साउदी प्रो लिगले सामाजिक सञ्जालमा रोनाल्डोले १२०० खेल खेलेको पुष्टी गर्दै पोष्ट गरेको छ ।यस्तै रोनाल्डोले पनि इन्स्टाग्राममा पोष्ट राख्दै सबैलाई धन्यवाद दिएका छन्, 'अर्को ३ अंक। मेरो १२०० खेल पुऱ्याउन मद्दत गर्ने सबै टिममेटहरुलाई धन्यवाद।'

यस्तै रोनाल्डो जुनमा दुई सय अन्तर्राष्ट्रिय खेल खेल्ने पनि पहिलो खेलाडी बनेका थिए । उनले पोर्चुगलका लागि कीर्तिमानी १२८ गोल गरेका छन् । यस्तै युरोपियन च्याम्पियन्स लिगमा सर्वाधिक १८३ खेल खेलेका छन् ।रोनाल्डोले अहिलेसम्म पाँच फरक क्लबका लागि खेलेका छन् । जसमा उनले पोर्चुगलको स्पोर्टिङका लागि ३१ खेल खेलेका छन्। यस्तै इंलयाण्डको म्यानचेष्टर युनाइटेडको लागि ३४६, स्पेनको रियल मड्रिडका लागि ४३८, इटलीको युभेन्ट्सका लागि १३४ र अहिले खेलिरहेको सायदी क्लब अल नासेरका लागि ४६ खेल खेलेका छन्।

# आइटिएफ टेनिस : एलेक्सी र आसकुरा च्याम्पियन

**टुडे समाचारदाता**

कास्की । नेपाली मूलका अमेरिकी खेलाडी आरब सम्राट हाडालाई पराजित गर्दै रुसियाका एलेक्सी सिबाभएले पोखरामा आयोजना गरिएको अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ) को जे-३० को दोस्रो सर्किटको उपाधि जितेका छन्।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा सञ्चालन भएको प्रतियोगिताको शनिबार सम्पन्न फाइनलमा एलेक्सीले हाडालाई ६-३, ६-२ ले पराजित गरी पुरुष एकलतर्फ च्याम्पियन बने। यसैगरी महिला एकलतर्फ जापानकी उता आसाकुरा च्याम्पियन बनेकी छन् । उनले भारतकी अर्जान खोराकीवालामाथि ६-२, ६-३ को जित हासिल गरिन्।

यि दुवै खेलाडी जे-३० को सर्किट एकमा पनि विजयी भएकी थिईन् । च्याम्पियन खेलाडीहरूले आइटीएफको महत्त्वपूर्ण ३०/३० अङ्क प्राप्त गरे । विजयी खेलाडीलाई पुरस्कार वितरण गर्दै नेपाल पर्यटन बोर्ड गण्डकीका निमित्त कार्यालय प्रमुख नविन पोखरेलले विभिन्न राष्ट्रबाट आएका खेलाडी, अभिभावक तथा उनीहरुका प्रशिक्षकको सहभागिताले पोखराको पर्यटन चलायमान बनेको बताए।

यसैगरी पोखरा महानगर पालिका खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदार, नेपाल टेनिस सङ्घका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिता निर्देशक अजय विष्ट, लगायतले खेलाडीलाई मेडल र पुरस्कार वितरण गरे ।प्रतियोगितामा खेलाडीले अङ्कका लागि प्रतिस्पर्धा गरेका थिए । खेलाडीले प्राप्त गरेको अङ्कले उनीहरुको टेनिस वरियता निर्धारण गर्नेछ । विजेता खेलाडीले ३० अङ्क, उपविजेताले १८, सेमिफाइनलिष्टले नौ, क्वाटर फाइनलिष्टले पाँच र अन्तिम १६ मा पुग्ने खेलाडीले आइटिएफको दुई अङ्क प्राप्त गरेका छन्।

पोखरामा दुई साता लामो सञ्चालन भएको आइटिएफ जे ३० टेसिन प्रतियोगितामा ११ देशका एक सयभन्दा बढी खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगितामा पुरुषतर्फ 'क्वालिफाइङ' र 'मेन ड्र' गरी विभिन्न देशका ६४ खेलाडीको सहभागिता रहेको थियो । महिलातर्फ ४७ खेलाडीले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ।

# एडिबीद्वारा बङ्गलादेशलाई जलवायु प्राथमिकताको सहयोगका लागि ऋण स्वीकृत

**रासस/सिन्वा**

ढाका । एसियाली विकास बैंक (एडिबी) ले उसको राष्ट्रिय अनुकूल योजना (२०२३-२०५०) तथा पेरिस सम्झौतामा राष्ट्रियरूपमा निर्धारित योगदानको २०२१ अद्यावधिकलाई लागु गर्न बङ्गलादेशलाई ४० करोड अमेरिकी डलर ऋण सहयोग स्वीकृत गरेको छ।

शुक्रबार स्वीकृत गरिएको नीतिमा आधारित उक्त ऋण सहयोग जलवायु केन्द्रित समावेशी विकास हासिल गर्न पेरिस सम्झौतामा राष्ट्रियरूपमा निर्धारित योगदान हो।

उक्त ऋण साङ्केतिक ७० करोड अमेरिकी डलरको जलवायु उत्थान तथा समावेशी विकास कार्यक्रमको पहिलो हिस्सा हो।

यसले बङ्गलादेशलाई उसको जलवायु क्षेत्रलाई संरक्षण गरी कार्बन तथा हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याई मूलधारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा मद्दत गर्ने लक्ष्य लिएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

"जलवायुको झट्काले बङ्गलादेशको विकास र गरिबी उन्मूलनलाई गम्भीररूपमा अवरोध पुऱ्याइरहेको छ, जलवायु कार्यका लागि वित्तीय व्यवस्थाको धेरै आवश्यकता छ, बङ्गलादेश यो चुनौतीको सामना गर्नका लागि दृढ प्रतिबद्ध छ र एडिबी यो क्षेत्रको जलवायु बैंकका रूपमा बङ्गलादेशलाई उसको प्रयासहरूमा सहयोग गर्न तयार छ", एडिबीको सार्वजनिक व्यवस्थापनका प्रमुख अर्थशास्त्री अमिनुर रहमानले भन्नुभयो।

एडिबीले जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूबाट बङ्गलादेश विश्वको सबैभन्दा जोखिममा परेको मुलुक भएको र वार्षिक औसतमा तीन अर्ब डलरको नोक्सानी हुने गरेको बताएको छ।

# इराकको एक भवनमा आगलागी हुँदा १४ को मृत्यु

**सिन्ह्वा**

बगदाद । इराकको अर्ध-स्वायत्त कुर्दिस्तान क्षेत्रमा एर्बिल प्रान्तको सोरान सहरस्थित एक आवासीय भवनमा शुक्रबार राति आगलागी हुँदा १४ जनाको मृत्यु र १८ जना घाइते भएका छन्।

सोरान स्वास्थ्य विभागले विज्ञप्तिमा भनेको छ, "सबैभन्दा पहिला भवनको तेस्रो र चौथो तलामा आगो लागेको थियो, ती तलामा विश्वविद्यालयका छात्र र शिक्षक बस्छन् । त्यसपछि आगो सम्पूर्ण पाँच तले भवनमा फैलियो।"

प्रारम्भिक अनुसन्धानबाट विद्युतीय सर्ट हुँदा आगो लागेको अनुमान गरिएको विज्ञप्तिमा उल्लेख छ। सिभिल डिफेन्स टिम र दमकलहरूले आगो निभाएका छन्।

# जीवाश्म इन्धनको चरणबद्ध अन्त्यलाई विफल बनाउने ओपेकको प्रयासको आलोचना

**एएफपी**

दुबई । पेट्रोलिय पदार्थ निर्यात गर्ने मुलुकहरूको सङ्गठन (ओपेक)ले शनिबार कार्यकर्ताहरू र महत्त्वाकांक्षी जलवायु कार्य खोज्ने मुलुकहरूको गठबन्धनबाट आलोचनाको सामना गर्नुपरेको छ । आफ्ना सदस्यहरूसँग कोप२८ सम्मेलनमा जीवाश्म इन्धनलाई लक्षित बनाउने कुनै पनि सम्झौतालाई असफल बनाउन आग्रह गरेपछि उसले त्यस्तो आलोचनाको सामना गर्नुपरेको हो।

दुबईमा जलवायु वार्तामा वार्ताकारहरूले जीवाश्म इन्धनलाई चरणबद्ध अन्त्य गर्ने प्रस्तावसहितको एउटा मस्यौदा सम्झौता तयार गरेपछि ओपेकका महासचिव हैथम अल घैसले यसै साता समूहका १३ सदस्य र रुसी नेतृत्वको १० सहयोगीलाई पत्र पठाउनुभएको थियो।

"ओपेकको जीवाश्म इन्धनको चरणबद्ध अन्त्यको प्रस्तावको हताश प्रतिरोधले परिवर्तनको लहरको डरलाई प्रकट गरेको छ, यो कोप२८ का छलफलहरूमा स्पष्ट भएको छ", ३५० डट ओआरजी एनजिओ विश्वव्यापी अभियानका सहयोगी निर्देशक कान्सिन लेलिमले भन्नुभयो, "ओपेकले कार्यक्रममा सामेल हुन वा सतप्रतिशत नवीकरणीय ऊर्जा-सञ्चालित भविष्यका लागि हाम्रो उचित सङ्क्रमणको मार्गबाट हट्न आवश्यक छ।"

बारबाडोसदेखि फ्रान्स, केन्या र प्रशान्त टापु राज्यहरूसम्मको बृहत् समूह (हाई एम्बिसन कोलिसन) ले पनि ओपेकको कदमको आलोचना गरेको छ।

"ओपेक मुलुकका सबै नागरिकसहित पृथ्वीमा सबै मानिसको समृद्धि र भविष्यलाई जीवाश्म इन्धनभन्दा ठूलो जोखिममा अरु कुनै कुराले राख्दैन", कोलिसनको अध्यक्षता गर्ने मार्शल द्वीप समूहका जलवायु दूत टिना स्टेगेले भन्नुभयो, "त्यसैले यो सङ्कटको जडका रूपमा रहेको जीवाश्म इन्धनको चरणबद्ध अन्त्य गर्न हाइ एम्बिसन कोलिसनले जोड दिइरहेको छ।"

उहाँले विश्वको तापक्रमलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य वार्तायोग्य नभएको भन्दै जीवाश्म इन्धनको अन्त्य नै वार्तायोग्य हुनुपर्ने बताउनुभयो।

# एक सय आधारभूत अस्पताल निर्माण गर्ने सरकारको लक्ष्य

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले यसै आर्थिक वर्षमा सय आधार भूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको छ । अहिले २६ आधारभूत अस्पताल सम्पन्न गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यसै आर्थिक वर्षमा सय अस्पताल निर्माण लक्ष्य लिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए ।मन्त्रालयका तथ्याङ्क अधिकृत सूर्यबहादुर खड्काका अनुसार २६ वटा अस्पतालका अन्तिम किस्ता पठाइसकिएको छ । पाँचथरको हिलिहाङ गाउँपालिकाको गोपेटार स्वास्थ्य चौकीको पाँच शय्या र दार्चुलाको व्यास गाउँपालिकाको १५ शय्याको आधारभूत अस्पताल पनि चाँडै नै सम्पन्न हुने तयारीमा रहेको उनलेबताए ।

उनका अनुसार हाल चार सय १३ स्थानीय तहका अस्पतालको ठेक्का सम्झौता भई प्रक्रिया अगाडि बढेको छ । सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसङ्ख्याका आधारमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको थियो । सोहीअनुसार २०७७ साउन २८ गते तीन सय ९६ र २०७७ पुस १२ गते दुई सय ५९ अस्पताल निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सरकारले पाँच शय्याका लागि रु सात करोड ११ लाख, १० शय्याका लागि रु १० करोड ८३ लाख र १५ शय्याका लागि रु १८ करोड छ लाख रकम छुट्याइएको छ । पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका एक सय ५७ स्थानीय तह र १५ शय्याका चार सय २० स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गरिने छ ।सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुर्याउन ती अस्पताल निर्माण गर्ने घोषणा गरे पनि समयमै नसिकएपछि अब पाँच वर्षभित्र ती निर्माण पूरा हुन नसकेका अस्पतालको निर्माणकार्य गरिने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए ।

यस्तै अझै एक सय ९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गरेका छैनन् । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले डिपिआर पेस नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए ।भूगोल र जनसङ्ख्याका आधारमा पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका एक सय ५५ स्थानीय तह र १५ शय्याका चार सय २० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् ।

मन्त्रालयका अनुसार १५ शय्याको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक मेडिकल सुपरिटेन्डेन्ट, दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स, पाँच हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ कर्मचारी र हनेछन् ।

यस्तै १० शय्याको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शय्याको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ कर्मचारी र हने छन् ।

# जलविद्युत् आयोजनालाई गति दिन उर्जामन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

तिल्केनीचौर । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपाल विद्युत् प्राधिकरणले म्याग्दीमा निर्माण गर्दैगरेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणलाई गति दिन निर्देशन दिएका छन् । उनलेम्याग्दीको रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरमा निर्माणाधीन आयोजनाको विद्युतगृह निरीक्षण गर्दै आयोजना चाँडोभन्दा चाँडो निर्माण सम्पन्न गर्न निर्देशन दिए ।



मन्त्री बस्नेतसहित संविधानसभा सदस्य गोविन्द पौडेल, गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतले उक्त आयोजनाको निरीक्षण गर्नुभएको हो । सो अवसरमा आयोजनाका अधिकारी, परामर्शदाता र निर्माण कम्पनीका प्रतिनिधिले मन्त्री बस्नेतलाई आगामी २५ महिनाभित्र आयोजना निर्माण सम्पन्न हुने जानकारी गराएका थिए ।

राहुघाट जलविद्युत् आयोजना निर्माणमा भएको ढिलाइले समग्र देशलाई नै नोक्सानी भएको उल्लेख गर्दै मन्त्री बस्नेतले नदीजन्य निर्माण सामग्रीको सहज आपूर्तिका लागि वैकल्पिक स्रोत खोज्नुपर्नेमा जोड दिए । "वैकल्पिक स्रोत पहिचान गरी आयोजनालाई नदीजन्य निर्माण सामग्रीको अभाव हुन नदिन सहजीकरण हुन्छ", उनलेभने, "कार्ययोजनाअनुसार आयोजना सञ्चालन हुने गरी आयोजना, निर्माण कम्पनी र परामर्शदाताले काम गर्नुहोस् ।"

आयोजनाको प्रवर्द्धक प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको र राहुघाट जलविद्युत् आयोजनाबाट सन् २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम भइरहेको जानकारी दिए ।

"छ दशमलव दुई सय किलोमिटर सुरुङमध्ये अब सात सय मिटरमात्र खन्न बाँकी छ । बाँध र विद्युत्गृह निर्माणको काम पनि ५० प्रतिशतभन्दा बढी सकिएको छ", उनलेभने । निर्माण कम्पनी जयप्रकाश एशोसिएट्सका आयोजना व्यवस्थापक हरिश अग्रवालले नदीजन्य निर्माण सामग्रीको अभाव आयोजना निर्माणका लागि चुनौती बनेको बताए । सर्वोच्च अदालतको २०७८ असारको आदेशका कारण कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न नपाउँदा नदीजन्य निर्माण सामग्रीको अभाव भएको उनको भनाइ थियो । ठेक्का सम्झौतामा कालीगण्डकीको नदीजन्य सामग्री प्रयोग गर्ने उल्लेख भएको र कालीगण्डकीबाट सामग्री नपाउँदा समस्या भएको आयोजना व्यवस्थापक अग्रवालले बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले र राहुघाटलगायत कालीगण्डकी र सहायक नदीबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न दुई सय २० केभी क्षमताको कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण भइसकेको बताए । भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा २०६६ सालमा सो आयोजना निर्माण अघि बढाइएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो निर्माण कम्पनी आइभिआरसीएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । पहिलेको कार्यतालिका र सम्झौताअनुसार राहुघाट २०७० सालमा निर्माण सकिनुपर्ने थियो । विसं २०७४ मङ्सिरमा रु छ अर्बमा ठेक्का सम्झौता गरेको भारतको सिभिल ठेकेदार जयप्रकाश एशोसिएटस् (जेपी)ले पनि निर्धारित समयभित्र आयोजना निर्माण सम्पन्न गर्न सकेन् । पैतालीस महिनाको ठेक्का सम्झौताको म्याद भएको आयोजना सन् २०२३ जनवरीदेखि सञ्चालन गर्ने लक्ष्य थियो । कोरोना महामारी र विपद्का कारण निर्माण कम्पनीले लक्ष्यअनुसार काम गर्न नसकेका कारण सन् २०२४ अक्टोबरसम्म ठेक्का सम्झौताको म्याद थप गरिएको छ ।

पुरानो निर्माण कम्पनी आइभीआरसीएलले आठ वर्षमा १० प्रतिशत काम गरेको थियो । विसं २०७५ असारमा पहुँचमार्ग र विसं २०७६ असार मा सुरुङ खन्न सुरु गरेको सिभिल ठेकेदार जेपीले हालसम्म पिप्लेमा ६१ मिटर गहिरो सर्चसाफ्ट, तीन सय २९ मिटर बटम प्रेसर साफ्ट, छ सय ५४ मिटर लामो चारवटै अडित (मुख्य सुरुङमा पुग्ने पहुँचमार्ग) र एक सय ९६ मिटर ठाडो सुरुङ निर्माण सकेको छ । अडिट-१ बाट बाँधतर्फ जाने ७५ मिटर लामो सुरुङ जोडिएको छ ।छ दशमलव दुई सय ७० किलोमिटर लामो सुरुङमध्ये हालसम्म पाँच हजार पाँच सय ७० मिटर निर्माण सकिएको छ । सात सय मिटर सुरुङ खन्न बाँकी छ । बाँध निर्माणस्थलमा अडिट-१, अँधेरीखोलामा अडिट-२, पिप्लेमा अडिट-३ र तिल्केनी चौरमा अडिट नं ४ खन्ने कार्य सम्पन्न गरी ती अडिटबाट सुरुङ निर्माणलाई तीव्रता दिएको आयोजनाले जनाएको छ ।

रघुगङ्गा-४ दग्नाम र ५ नं वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआर ओआर) प्रविधिको बाँध निर्माणको काम ६० प्रतिशतभन्दा बढी सकिएको आयोजनाका व्यवस्थापक राज विष्टले बताए । तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण तीव्रताका साथ भइरहेको छ । घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एउटा ट्रस प्रविधिको पक्की पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ । यसअघिका दुई वर्ष बुग्लको पहिराका कारण बर्खायामको चार महिना बाँध निर्माणको काम रोकिएको थियो । यस वर्ष बर्खायाममा पनि बाँध, सुरुङ र विद्युत्गृह निर्माणले निरन्तरता पाएको थियो ।

आयोजनाले सन् २०२३ जनवरी ३१ देखि वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी करिडोर अन्तर्गत दुई सय २० केभी (डबल सर्किट) क्षमताका दाना-कुश्मा प्रसारण लाइनमा जोड्न लुप इन लुप आउट (लिलो)को चार टावर निर्माण गरिएका छन् ।

# पर्यटन प्रवर्द्धन गर्दै श्रम संस्कृति उद्यान

**टुडे समाचारदाता**

धरान । सुनसरीको धरान उपमहानगरपालिका-१३ मा निर्माण भएको श्रम संस्कृति उद्यान पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ । धरान घुम्न आउने जो कोही पनि उद्यानमा पुग्ने गरेका छन् । उद्यान वरपर गरिएको वृक्षरोपणले सबैको मन आनन्दित हुन्छ । पहिला बगर र झाडी भएको ठाउँमा अहिले फूल र बोटबिरुवा हुर्केका छन् । काठमाडौँबाट साथी धनरत्न महर्जनका साथमा उद्यान घुम्न पुग्नुभएका राजेन्द्र राई खेर गएको ठाउँको सदुपयोग गरेर आकर्षक उद्यान निर्माण गरेको थाहा पाएपछि औधी खुसी हुनुभयो ।



धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (हर्क साम्पाङ) र उनका सहयोगीले निर्माण गरेको उद्यान पछिल्लो समय धरानको नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकसित हुँदै गएको छ । सर्दु खोलाको उजाड बगरमा फलफूलका बिरुवा रोपेर आकर्षक बगैँचा बनाइएको छ । बगैँचाको एक छेउमा धरानको पहिचान झल्किने गरी काठ काट्ने आरा धरानको नमूना निर्माण गरिएको छ । त्यसको छेउमा किरात संस्कृतिमा महत्वपूर्ण मानिने चिन्डोको आकृति झल्किने धारा बनाइएको छ ।

उद्यानको वरिपरि विभिन्न मनकारीले आफन्तका नाममा पर्यटकलाई बस्न मिल्ने गरी फाइबरका फलैँचा र कुर्सी निर्माण गरिदिएका छन् । उद्यानका ठाउँठाउँमा 'साउन्ड बक्स' राखिएका छन् । त्यसबाट सङ्गीतको धुन गुञ्जिरहेको हुन्छ । शान्त र सुन्दर वातावरणमा सुमधुर सङ्गीतको धुनले त्यहाँ पुग्ने पर्यटकको मनै आनन्दित हुन्छ । उद्यानमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म घुम्नका लागि पुग्ने गरेका छन् । उद्यान युवापुस्ताका लागि साथीहरुसँग घुम्ने आकर्षक गन्तव्य बनेको छ । इटहरीकी रमा लिम्बु साथीहरुको समूहमा उद्यान घुम्न पुग्नुभयो । "यहाँ फूल संरक्षण गरिएको साह्रै मनपर्छ", उनलेभने, "खानेपानी, शौचालयलगायत सुविधा छ, यहाँ बारम्बार आउन मन लाग्छ ।"

उद्यान निर्माण हुनभन्दा पहिला सर्दु खोला पुल छेउमै बिपी उद्यान र ओशो उद्यान निर्माण गरिएका थिए । धरानमा पुराना रङ्गकर्मी तथा निर्देशक खगेन्द्र पन्धाक र गायक कञ्चन थलङ यो क्षेत्र पदयात्राका लागि पनि उपयुक्त भएको बताउछन् । "यहाँबाट भेडेटारसम्मको पदमार्ग निर्माण गरेर यो उद्यानलाई प्रस्थान विन्दु बनाए पर्यटनको विकासमा मद्दत पुग्छ", गायक थलङले भने । उद्यानमा नियमित पुगिरहने रङ्गकर्मी तथा निर्देशक पन्धाक धरानमा नयाँ पर्यटकीयस्थल थपिएकामा खुशी छन् । "यो ठाउँमा उद्यान निर्माण भएपछि धरानको पानीको स्रोत पनि संरक्षण भएको छ", उनी भन्छन् ।

धरान उपमहानगरपालिकाले उद्यान, यस क्षेत्रमा भएको वृक्षरोपण र खानेपानीको मुहान संरक्षण गर्न दैनिक छदेखि सात जना नगर प्रहरी परिचालन गर्ने गरेको छ । उद्यान क्षेत्रमा खटिएकी नगर प्रहरी कविता कार्कीका अनुसार यो क्षेत्र घुम्न दैनिक दुई सयदेखि तीन सय आन्तरिक पर्यटक आउने गरेका छन् । उद्यान घुम्न नेपालका विभिन्न जिल्लाबाट मात्र नभई भारतका सिक्किम, दार्जिलिङदेखि पनि पर्यटक आउने गरेका छन् ।

स्वतन्त्र नागरिक समाजको अगुवाइमा चौतारा निर्माण गरिएको छ । दाताको रु ११ लाख सहयोग जुटाएर चौतारा निर्माण गरिएको हो । चौतारामा सुस्ताउँदै गरेकी भेटिनुभएकी बेलायतबाट आउनुभएकी देविका राई (लिम्बू) आफूले सानो छँदा देखेको खोलाको बगर र झाडीमा अहिले ढकमक्क फूल फूलेको र उद्यान बनेको देखेर हर्षित हुनुहुन्छ ।

बेलायतबाट आउनुभएका धरान समाज युकेका सल्लाहकार किरणकुमार सुब्बा उद्यान धरानको पर्यटन विकासका लागि महत्वपूर्ण माध्यम बनेको बताउछन् । उद्यान निर्माणका लागि उनलेरु तीन लाख सहयोग जुटाउनुभएको थियो । उद्यानमा न्यूनतम प्रवेश शुल्क राखेर त्यसबाट उठ्ने रकमले यसको व्यवस्थापन गर्नुपर्ने सुब्बाको सुझाव छ ।

# मौद्रिक नीतिको समीक्षाबाट अर्थतन्त्र सुधारमा सहयोग पुग्ने



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाबाट नेपालको अर्थतन्त्रको वर्तमान अवस्थालाई लयमा ल्याउन केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल बताएका छन् ।

उनले सो समीक्षाले देशमा हाल देखिएको आर्थिक सङ्कटको अवस्थामा सुधार गरी लगानीकर्ताको मनोबल बढाउन पनि सहयोग पुग्ने र यसबाट अर्थतन्त्र लयमा ल्याउन थोरै भए पनि सहयोग पुग्ने बताए ।

धनगढीमा आयोजित सुदूरपश्चिम महोत्सवमा महासङ्घका अध्यक्ष ढकालले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका कतिपय विषय पनि शुक्रबारको मौद्रिक नीतिको समीक्षामा समेटिएको र यसले मुलुकको निजी क्षेत्रका लागि सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको बताएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

"नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामा बैंक दर, नीतिगत दर, कर्जाको पुनःसंरचना र घर तथा सेयर कर्जामा लचकता अपनाएको देखिन्छ । यी विषयहरू हामीले विगत लामो समयदेखि निरन्तर उठाउँदै आएका थियौँ । राष्ट्र बैंकले अहिले आएर यसको सुनुवाइ गरेको देखिन्छ । यसले लगानीकर्ताको मनोबल बढाउन, लगानी प्रवर्द्धन गर्न सहयोग गर्नसक्छ", उनले भने । अध्यक्ष ढकालले तर पनि यो उदार मौद्रिक नीति समयमै आउन सकेको भए हजारौँ साना तथा मझौला व्यवसाय र व्यवसायी विस्थापित हुन पर्दैनथ्यो भने ।

"निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घले विगत लामो समयदेखि पटक-पटक नेपाल राष्ट्र बैंकलाई अर्थतन्त्रलाई लयमा ल्याउन मौद्रिक नीतिमा विशेष व्यवस्था गर्न आग्रह गरेका थियौँ । अहिले आएर केही हदसम्म भए पनि हाम्रा मागको सम्बोधन भएको छ । ढिलो गरी आएको सम्बोधनले अर्थतन्त्रलाई लयमा ल्याउन के-कति सहयोग गर्छ । त्यो हेर्न बाँकी नै छ", उनले भने ।

राज्यका निकायबीच समन्वयको अभावमा लगानीको वातावरण बन्न सकेन, अर्थतन्त्र लयमा ल्याउन सकिएन भनेर निजी क्षेत्रले आवाज उठाएको र त्यसलाई प्रधानमन्त्री आफैँले सकारात्मकरूपमा लिई समन्वयकारी भूमिका निर्वाह गरेको उनको भनाइ थियो ।उनलेनिजी क्षेत्र मुलुकभित्र लगानीको वातावरण बनाउन र लगानी प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको पनि स्पष्ट गरे ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन प्रधानमन्त्रीको भारत, चीन तथा युएई भ्रमणका अवसरमा निजी क्षेत्रले लगानी सम्मेलनको आयोजना गरेको जानकारी दिँदै यसबाट नेपालमा लगानीका सम्भावनाहरूका बारेमा विदेशी लगानीकर्तालाई थाहा दिने काम भएको पनि बताए । मुलुकको अर्थतन्त्र सुधारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देखाएको चासो र लिएको अग्रसरताको प्रशंसा गरे । उनलेसरकारी प्रक्रियाका कारण धेरै आयोजना रोकिने गरेका उदाहरण पेस गर्दै त्यसलाई छिटोछरितो गराउने व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष आग्रह गरे ।

# निर्माणाधीन शान्तिपार्क निर्माण कार्य अलपत्र

**टुडे समाचारदाता**

मन्थली । दोरम्बा शैलुङ गाउँपालिका-२ दोरम्बामा १४ वर्षअघिदेखि निर्माणाधीन शान्तिपार्क निर्माणकार्य सम्पन्न नहुँदा अलपत्र परेको छ । विसं २०६६ देखि यो पार्क निर्माणका नाममा नेपाल सरकारबाट रु दुई करोड ५० लाख बजेट खर्च भइसकेको भए पनि यो योजना सम्पन्न हुन सकेको छैन । योजना सम्पन्न नभएपछि सबै निर्माणाधीन संरचना अलपत्र अवस्थामा छन् ।

निर्माणका लागि प्रयोग भएका फलामे समान हराउन र चोरी हुन थालेका छन् भने बालुवा र सिमेन्टमार्फत बनेका संरचना भत्किसकेका छन् । दोरम्बा-२ दोरम्बा बजार नजिक सल्लेनी वनमा निर्माणाधीन उक्त शान्तिपार्कका लागि क्रमागत बजेट आउने आशामा विनियोजित बजेटभन्दा बढीको लागत अनुमान गरेपछि निर्माण कार्य सम्पन्न नभई अलपत्र परेको हो । तत्कालीन शान्ति तथा पुनःनिर्माण मान्त्रालयमार्फत रु तीन करोडको लागतमा क्रमागत योजनाअन्तर्गत शान्तिपार्क निर्माणको योजना अघि सारिएको थियो । आव २०६६ मा सुरु भई २०७४ सालसम्म रु दुई करोड ५० लाख खर्च भइसकेको छ भने २०७४ सालयता पार्कको काम अलपत्र परेको छ ।

विसं २०६० साउन ३२ गते तत्कालीन सरकार र विद्रोही पक्ष वार्ता चलिरहेका बेलामा यस ठाउँ (दोरम्बा) मा तत्कालीन शाही नेपाली सेनाले नेकपा (माओवादी) का २१ जना कार्यकर्ता बैठक बसिरहेका ठाउँमा घेरा हाली पक्रेर सामूहिक हत्या गरेपछि त्रसित भएका स्थानीयलाई उक्त पार्कमा गएर मन भुलाउन सहज होस् भन्ने उद्देश्यले सरकारले शान्तिपार्क निमार्णको काम अघि बढाएको स्थानीय प्रकाशचन्द्र मोक्तानले बताए ।

शान्तिपार्कमा प्रतिक्षालय भवन, शौचालय, सिँढी, घेराबारलगायत संरचना निर्माण गरिने र पार्कभित्रै चक्रपथसमेत निर्माण गरिने लागत अनुमानमा उल्लेख छ । हाल पार्कमा प्रतिक्षालय, सिँढी, शौचालय निर्माण भएका छन् । शौचालयमा झ्याल ढोका राख्न बाँकी नै छ भने पार्कमा लगाइएको घेराबार भत्किसकेको छ । स्थानीय सरकारको निर्वाचन भएसँगै केन्द्र सरकारले बजेट दिन छाडेपछि पार्क निर्माणको कामअलपत्र परेको हो । स्थानीय सरकार गठन भएपछि सरकारले पार्क निर्माणको बाँकी कामको जिम्मा स्थानीय सरकारलाई दिए पनि पालिकाले बेवास्ता गर्दा पार्क निर्माणको काम अलपत्र परेको स्थानीय मिनबहादुर तामाङ बताउछन् ।

अलपत्र रहेको पार्क निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेर निर्माण कार्यलाई पूर्णता दिने योजना गाउँपालिका अध्यक्ष मैनकुमार मोक्तानले बताए पनि पहिलो पटक स्थानीय तहको निर्वाचन भएको २०७४ सालदेखि हालसम्म उक्त योजनाका लागि कुनै किसिमको बजेट विनियोजन भएको छैन । यस्ता पार्कले आन्तरिक तथा बाह्य पर्यटकसमेत आकर्षण गरी आयआर्जन गर्न सकिने भएकाले सम्बन्धित निकायको ध्यान पुगे तत्काल निर्माण सम्पन्न भई पार्क सञ्चालन हुनसके पर्यटक भित्र्याउन सकिने स्थानीय मिलन घिसिङले बताए ।

# बिना खनजोत गहुँ खेती

टुडे समाचारदाता

जनकपुरधाम । गहुँ खेतीका लागि कृषि मजदूर तथा पानीको अभाव भएको बेला महोत्तरी जिल्लाको पिपरामा बिना खनजोत गहुँ खेती सुरु गरिएको छ। कृषि अनुसन्धान परिषद् बेला चापी र कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगञ्जको आयोजनामा उक्त अभियानको शुरुआत पिपरा गाउँपालिका-नं ३ का वडाध्यक्ष किशोरी अधिकारीले गरे । आम किसानहरुलाई यस प्रविधिका बारेमा जानकारी दिने उद्देश्यले खुल्ला २ बिघामा खेतीको शुरुआत गरिएको छ।



सिँचाइको अभाव रहेको र अत्यधिक युवाहरू वैदेशिक रोजगारीमा गएका कारण कम लागतमा अधिक उत्पादन लिन उक्त खेतीको शुरुआत गरिएको कृषि अनुसन्धान परिषद् बेलाचापीका प्रमुख राम दास चौधरीले जानकारी दिए । यस प्रविधिमा खेतको जोताई मेसिनले ११ लाइनमा गर्नुका साथै मेसिनले नै मात्रा अनुसारको बीउ तथा मल छर्ने उनले जानकारी दिए।

मेसिनले नै बीउ तथा रासायनिक मल खेतमा हाल्ने भएकाले थोरै समयमा धेरै खेतमा गहुँ लगाउन मिल्ने कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगञ्जका प्रमुख वैज्ञानिक सचिनकुमार मिश्रले बताए । यस प्रविधिले खेती गर्दा ३० देखि ५० प्रतिशतले पानी कम लाग्नुका साथै प्रति कट्ठा २ देखि तीन मन उहुँ उत्पादन हुने कृषि वैज्ञानिक मिश्रले बताए । परम्परागत शैलीमा गहुँ खेती गर्दा लागत बढ्नुका साथै प्रति कट्ठा १ देखि डेढ मन मात्र उत्पादन हुने गरेको वडाध्यक्ष अधिकारीले जानकारी दिए।

यस प्रविधिबाट खेती गर्दा १०/१५ दिन अगावै गहुँ छर्न सकिने, धान काटेर हटाइसके पछि ४/५ पटक जोताई गर्ने खर्च र बाली लगाउने समय जोगाउँछ, धेरै पटक जग्गा जोते पछि सिँचाइ गर्दा पानी बढी खर्च हुने भएकाले यस प्रविधिमा ४० प्रतिशत पानी भए पुग्ने साथै बढी पानी भए गहुँ बाली पहेलो हुनबाट जोगाउँछ।

यस प्रविधिबाट खेती गर्दा खेती योग्य जमिनलाई जति बढी जोताई गर्‍यो त्यति बढी मात्रामा झारपात आउने भएकाले यस प्रविधिबाट गहुँ खेती गर्दा झार पात कम भई गहुँ उत्पादनमा वृद्धि हुने गरेको उनले बताए । यस प्रविधिमा धान काटदा २० दिन २५ सेन्टिमिटर डाठ छोडेर काटदा जमिनमाथि रहेको झार पातहरु कुहिएर मलमा परिणत भइ माटोमा प्राङ्गारिक मलको वृद्धि हुने गरेको उनले बताए।

प्राकृतिक श्रोत साधनको संरक्षण गर्नुका साथै मलजलको समुचित सदुपयोग भइ इन्धनको खपतमा कमी हुनुका साथै वातावरणीय प्रदूषणबाट जोगाउने गरेको समेत उनले बताए ।

बैज्ञानिक मिश्रका अनुसार आजको नयाँ सोच अनुसार कृषकहरुको झुकाव कृषि यान्त्रिकरण तर्फ बढी भएकोले यो प्रविधि उपयुक्त रहेको छ । बढ्दो उत्पादन खर्च र घटदो बजार मूल्यको कारण गहुँ खेती कम फाइदाजनक हुनु, थोरै समयमा धेरै गहुँ खेती लगाउन सकिने, श्रमिकको अभाव दिन प्रतिदिन बढ्दै जानु, अधिक उत्पादन र खुद नाफा बढी गर्नकालागि यस प्रविधिको प्रयोगको आवश्यकता रहेको उनले बताए।

सोही क्रममा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) कृषि औजार अनुसन्धान केन्द्रले जिरो टिलेज (शुन्य खनजोत) मेसिनको परीक्षण पनि गरेको छ।

# डिडिसीको मारमा किसान

टुडे समाचारदाता

सर्लाही । दुध विकास संस्थान (डिडिसी) ले तीन महिनाभन्दा बढी समयदेखि दुधको भुक्तानी नदिँदा सर्लाहीका किसान र डेरी सञ्चालक मारमा परेका छन् । डेरी सञ्चालकले किसानबाट उठाउने गरेको दुध सरकारी स्वामित्वमा रहेको डिडिसीको विभिन्न दुध सङ्कलन केन्द्रमा लगेर बिक्री गर्दै आएका छन् । डिडिसीले तीन महिनाभन्दा बढी समयदेखि डेरी सञ्चालकलाई भुक्तानी नदिँदा त्यसको मार किसानलाई पर्न थालेको छ।

डिडिसीबाट दुधको भुक्तानी नपाउँदा डेरी सञ्चालकले किसानलाई लामो समयदेखि भुक्तानी दिन सकेका छैनन् । पछिल्लो समय डिडिसीले किसानबाट सङ्कलन गरेर ल्याएको दुध लिने छाडेको डेरी सञ्चालकको गुनासो छ।

लालबन्दी नगरपालिका-१, नवलपुरमा डेरी पसल सञ्चालन गर्दै आएका व्यवसायी सुदीप कार्कीले डिडिसीलाई बिक्री गरेको दुधको भुक्तानी नपाउँदा किसानलाई दिन नपाएको बताए । ऋण गरेर केही समयसम्म धेरै पनि अब भने व्यवसाय नै बन्द गर्नुपर्ने स्थिति सिर्जना भएको उनले दुखेसो पोखे ।

कार्कीका अनुसार डिडिसीले पछिल्ला दिनमा दुध लिन नमान्दा किसानबाट सङ्कलन गरेर ल्याएको दुध खेर जाने अवस्था आएको छ। आर्थिक मन्दी रहेको अवस्थामा दुध बिक्री नहुँदा दही, पनिरलगायतका परिकार बनाए पनि त्यो समेत बिक्री नभएको उनले गुनासो गरे ।

पहिले पहिले एक महिनाभित्रै डेरी सञ्चालकलाई दुधको भुक्तानी दिने डिडिसीले अहिले तीन/चार महिनासम्म भुक्तानी रोक्न थालेको छ। दुध बिक्री नभएको र पुरानो बक्यौतासमेत नपाएको भन्दै केही साताअघि सर्लाहीको हरिवन क्षेत्रका डेरी सञ्चालकले सडकमै दुध पोखेका थिए।

हरिवन नगरपालिका-११, मा डेरी सञ्चालन गर्दै आएका व्यवसायी सुरेश भट्टाईले गएको भदौदेखि डिडिसीबाट भुक्तानीको रकम नपाएको गुनासो गरे । व्यावसायिक रूपमा फर्म खोलेर गाईभैँसी पाल्ने किसानले सोझै डिडिसीको दुध सङ्कलन केन्द्रमार्फत दुध बिक्री गर्ने गरे पनि एक/दुई वटा गाईभैँसी पाल्ने किसानले भने डेरीमा लगेर बेच्ने गरेका छन्। दैनिक डेरीलाई दुध बेचेर घरखर्च टार्ने किसान डिडिसीको लापरवाहीले मारमा परेका छन्।

ईश्वरपुर नगरपालिका-१२, धारिवाथानकी किसान अम्बिका खड्काले पहिले झैँ दुध बिक्री गरेपछि महिनैपिच्छे पैसा पाउन छाडेको बताए। पैसा खाँचो भएका बेला डेरी सञ्चालकले तुरुन्त दिने गरेको भए पनि अहिले त महिनौँसम्म पनि पैसा नपाएको उनले गुनासो गरे ।

# अन्धविश्वास तथा विभिन्न कुरीतिविरुद्ध बहस

टुडे समाचारदाता

राजविराज । तराई मधेशमा अझै जरो गाडेर बसिरहेको घामी झाक्री, बोक्सी, झारफुक जस्ता अन्धविश्वास तथा बालविवाह, दाइजो लागू औषधको बढ्दो प्रयोग लगायतका कुरीति न्यूनीकरण गर्न यहाँका एक समाजसेवीले युवाहरु बिच बहस चलाएका छन् ।



रुपनी गाउँपालिका-६ वीरेन्द्र बजारका समाजसेवी रंजित भगतले शनिबारदेखि गाउँपालिकाको विपन्न तथा पिछडिएको बस्तीमा पुगी यस्तो बहस चलाएका छन् । सामाजिक गतिविधिमा सक्रिय ३६ वर्षीय भगतले धामीझाँक्रीको भरपर्दा तथा कुलतमा परेर गाउँघरका कतिपय व्यक्तिको अकालमा ज्यान जाने गरेको जानकारी आएपछि 'सुधारात्मक प्रशिक्षण' नाम दिएर गाउँघरका सर्वसाधारणलाई भेला गराइ बहस चलाएको बताए ।

शनिबार रुपनी गाउँपालिका-२ लौवापारबाट सुरु गरिएको अभियान क्रमशः गाउँपालिकाको अन्य वडाको विपन्न र पिछडिएको बस्तीमा समेत सञ्चालन गरिने उनले जानकारी दिए।

आवश्यक चेतनाको अभावमा अहिले पनि ग्रामीण क्षेत्रका कतिपय व्यक्ति सञ्चो नहुँदा धामी झाँक्री कहाँ गइ झार फुकमा लाग्ने र अकालमै ज्यान गुमाउने गरेको पाइएको छ, उनले भने- यस्ता अन्धविश्वासलाई हटाउन आवश्यक भएको ठानेर सुधारात्मक प्रशिक्षण बहस चलाएका छौँ ।'

कतिपय स्थानमा अहिले पनि बोक्सी भएको भन्दै दुर्व्यवहार तथा झाक्रीले झारफुकका नाममा रड, पाईप र भाँभर तताएर डाम्ने काम गरिरहेको कारण कतिपयको ज्यानै गएको घटना सुनिने गरिएको उनले बताए ।

यस्तै युवाहरुमा लागू औषध, सूर्तीजन्य पदार्थको सेवन तथा समाजमा दाइजो, बालविवाह लगायतका विकृति विसंगति समेत बढ्दै गएकाले यसको न्यूनीकरणको लागि यस्तो कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

शिक्षित परिवारमा यस्ता कुरीति थोरै देखिए पनि गरिब तथा चेतना अभाव रहेको परिवारमा भने यस्ता कुरीति धेरै पाउने गरिएको उनको भनाइ छ ।

# बक्यौता रकम असुल नहुँदा खानेपानी संस्था सङ्कटमा

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको बर्दिबास नगर क्षेत्रका छ हजार बढी उपभोक्तालाई खानेपानी आपूर्ति गर्दै आएको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था आर्थिक सङ्कटमा फस्दै गएकोछ । धेरै पानी खपत गर्ने उपभोक्ताले बक्यौता महसुल नबुझाउँदा संस्था आर्थिक सङ्कटमा फस्दै गएको छ ।

संस्थाको विगत बक्यौता चालु आर्थिक वर्षको गत कात्तिक मसान्तसम्म दुई करोड १४ लाख नाघेको छ। संस्थाको अभिलेखअनुसार ५० हजारभन्दा बढी बक्यौता राख्ने उपभोक्ता झण्डै सयको हाराहारीमा पुगेका कोषाध्यक्ष भोजप्रसाद फुँयालले जानकारी दिए । यसरी खानेपानी महसुल तिर्न अटेर गर्ने गृहस्थभन्दा कारोबारी संस्था र व्यापारिक घरानाका उपभोक्ता धेरै रहेका फुयालले बताए ।

"संस्थामा १२ वर्षदेखि महसुल नबुझाउने पनि रहेछन्", कोषाध्यक्ष फुँयाल भन्छन्, "आर्थिकरुपले विपन्न देखिनेले बरु समयमै तिरेका छन्, हुनेखानेले महसुल बुझाउने काममा अटेर देखिएको छ ।" यसरी धेरै बक्यौता महसुल राख्नेमा सातवटा गैरसरकारी संस्था, छ वटा चलेका ठूला होटल, दुईवटा निजी तवरले सञ्चालित अस्पताल, दुईवटा सरकारी कार्यालय, दुईवटा विद्यालय र सम्पन्न घरानाका रहेका बताइएको छ।

नयाँ कार्यसमिति निर्वाचित भएलगत्तै गत वैशाखदेखि नै बक्यौता महसुल बुझाउन ताकेता गरिए पनि अपेक्षित असुली हुन नसकेको संस्थाका पदाधिकारी बताउँछन् ।



पछिल्लो चरणमा कार्यालय व्यवस्थापनले महसुल नबुझाउने उपभोक्ताको धारा काट्नेसम्मका कारबाही सुरु गरेको छ । केही उद्योगले त पानी चोरेर आफ्ना धन्दा सञ्चालन गरेकासमेत पाइएको समितिले जनाएको छ।

पानी सङ्कलन, भण्डारण, पाइप व्यवस्थापन, पानी वितरण र कार्यालय व्यवस्थापनमा मासिक १२ लाख बढी खर्च हुन्छ । अहिले रकम अभावले समयमा सरसफाइका काम हुन नसकेर केही पानी टोलमुनिको पानीट्याङ्कीमा विद्युतीकरण गर्न नसकिँदा सेवा प्रवाह बढी खर्चिलो भएको संस्थाका अध्यक्ष भुलनसेन ठकुरीले बताए ।

"पानीट्याङ्कीमा विद्युत पुर्‍याउन ४० लाख खर्च हुने अनुमान छ, रकम अभावमा विद्युतीकरण गर्न नसक्दा डिजलपम्पबाट पानी तान्दिँदा प्रतिमहिना छ लाख बढी खर्च हुँदैछ", अध्यक्ष ठकुरीले भने, "पुरानो बक्यौता नआउँदा संस्था आर्थिक सङ्कट बेहोर्दैछ ।" रकमकै अभावमा विद्युतीकरण हुन सकेको छैन ।

संस्थाका बर्दिबास नगरपालिका १, २, ३ र १४ का करिब छ हजार उपभोक्ता छन् । यी उपभोक्तालाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउनु मुख्य जिम्मेवारी रहेको संस्था आर्थिक सङ्कटमा फस्दा गर्नुपर्ने काम प्रभावित हुँदै आएका छन् । आम उपभोक्ताको हितलाई ध्यानमा राख्दै संस्थाको कार्यसमितिले बक्यौता महसुल नबुझाउने हरुको धारा काट्ने निर्णय गरेको अध्यक्ष ठकुरीले पुष्टि गरे ।

"हामी निर्वाचित भएर काम थालेसँगै गत वैशाखमै बक्यौता बुझाउन लिखित ताकेता गरेका छौँ, यसको सुनुवाइ नभएपछि अब धारा काट्ने निर्णय गर्न बाध्य भइयो", अध्यक्ष ठकुरीले भने, "यसै क्रममा मिटर चुँडाएर पानी चोरी गर्ने उद्योगविरुद्ध पनि कारवाही गरिन्छ ।" प्रत्येक तीन/तीन वर्षमा नयाँ कार्यसमितिको निर्वाचन हुने संस्थामा यसअघिका समितिको कार्यकालका बक्यौता महसुल असुली टाउको दुखाइ बनेको ठकुरी बताउँछन् ।

खानेपानी संस्थाले उपभोक्ताबाट न्यूनतम महसुल मासिक ८० लिन्छ । यसवापत १० हजार लिटर पानी उपभोक्ताले खपत गर्न सक्छन् । खपत बढे महसुल पनि बढ्दै जान्छ। विगत बक्यौता महसुल असुलउपर गर्न र धारा छेडछाड गर्नेविरुद्ध कारबाही हुने संस्थाका पदाधिकारीले बताउँदै आएका छन् ।

"हामीले पर्याप्त जनाउ र समय दिन पर्छ, त्यो हामीले गर्दै आएका छौँ, अब कारबाहीको चरण थालिन्छ, कोही कसैको अनुहार हेर्ने प्रश्न नै आउँदैन", अध्यक्ष ठकुरी भन्छन्, "संस्थासँगको अटेर सह्य हुँदैन ।" संस्थाबाट पाउने सहुलियत सबैले पाउने ठकुरीको भनाइ छ । यसपालि दसैँ, दीपावली र छठपर्व पारेर गत कात्तिक महिनाको महसुल छुट दिइए बोनसको लाभ दिइएको बताउँदै ठकुरीले न्यूनतम शुल्क लाग्ने १० हजार लिटर को सिलिङलाई १५ हजार लिटरमा पुर्‍याइन प्रयत्न गरिएको जानकारी दिए ।

"संस्था र समिति उपभोक्ता हितप्रति समर्पित छन्", ठकुरी अपिल गर्दै भन्छन्, "सबैले समयमै महसुल बुझाएर संस्था र समितिलाई सहयोग गर्नुहोस् ।"

# जनेउ बनाउने प्रशिक्षण सुरु

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर धाममा जनेउ बनाउने प्रशिक्षण सुरु भएको छ । विभिन्न पूजापाठ र संस्कारमा प्रयोग हुने जनेउ भारत लगायतका स्थानबाट आयात गर्नुपरेको बेला शहीद दुर्गानन्द झा अनुसन्धान तथा सेवा केन्द्रको आयोजनामा जनेउ बनाउने प्रशिक्षणको प्रारम्भ गरिएको छ। तीन दिने सो प्रशिक्षणमा १५ जनालाइ सहभागी गराइएको छ।



महाकवि विद्यापति स्मृति पर्वको अवसर पारेर सुरु भएको जनेउ बनाउने सम्बन्धी प्रशिक्षणको जनकपुरधाम उपमहानगर पालिकाका नगरप्रमुख मनोज कुमार साहले उद्घाटन गर्दै प्रशिक्षणले जनेउ शुद्धता हुनुका साथै यसको आयात प्रतिस्थापनमा मद्दत पुगेर मुलुकबाट गइरहेको रकम रोकमा मद्दत पुग्ने बताए । विधि पूर्वक बनाइएको जनेउको अभावले जनेउ धारण गर्ने व्यक्तिले बजारमा बनाएको जनेउ खरिद गरी धारण गर्नुपर्ने बाध्यताको प्रशिक्षणपछि अन्त्य हुने उनले विश्वास व्यक्त गरे।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले जनेउ सम्बन्धी प्रशिक्षणले महिलाहरुको क्षमतामा विकास भएर स्वदेशमा नै माग अनुसारको उत्पादन हुने विश्वास व्यक्त गरे। उनले यसबाट गृहिणीहरु समेत व्यवसायिक हुने बताए।

अहिले चीनको तिब्बत तथा भारतबाट जनेउ आयात हुन थालेको बेलामा स्थानीय गृहिणीहरुका लागि आयोजना गरिएको प्रशिक्षणले स्थानीय बाङ्गको रुईको प्रयोग गरेर टकुरी वा चर्खाको प्रयोग गरेर धागा बनाइ जनेउ निर्माण गरिने कार्यक्रम रहेको संयोजक पूर्व प्राध्यापक शम्भुनाथ झाले जानकारी दिए।

प्रशिक्षणका लागि ५२ जनाले आवेदन दिएकोमा त्यसमध्ये १५ जनाको छनोट गर्ने काम भएको छ भने अरुलाई दोस्रो चरणमा सहभागी गराइने अध्यक्ष झाले जानकारी दिए। शहीद दुर्गानन्द झा अनुसन्धान तथा सेवा केन्द्रका अध्यक्ष दिनबन्धु झाको अध्यक्षतामा भएको सो कार्यक्रममा वरिष्ठ अधिवक्ता एवं वार काउन्सिलका परिषदका सदस्य श्याम कुमार मिश्र, त्रिभुवन विश्व विद्यालय केन्द्रीय मैथिली विभागका पूर्व प्रमुख डा. पशुपतिनाथ झा सहितकाले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा विद्यापतिको विषयमा पत्रकार सुजित झाले कार्यपत्र प्रस्तुत गरेका थिए।

# विद्यालयमा बोरिङ जडान



टुडे समाचारदाता

गौर। रौतहटको गुजरा नगर पालिकास्थित कटानी टोलमा देउसी भैलोबाट उठेको रकमबाट माध्यमिक विद्यालय कटानी छेउमा शुद्ध खानेपानीको लागि बोरिङ जडान गरिएको छ।

स्थानीय युवाहरुले गत लक्ष्मीपूजामा देउसी भैलो खेलेर उठाएको एक लाख एक हजार रुपैयाँले मावि कटानी मातहत छेउमै रहेको जग्गामा विद्यार्थीको लागि खाने पानीको व्यवस्थापन स्वरूप बोरिङ जडान गरिएको समाजसेवी सुरेन्द्र तिमल्सिनाले बताए।

बोरिङ गाड्नको लागि गुजरा नगरपालिका प्रमुख सन्त लाल चौधरीले निःशुल्क जेसिबि पठाएका थिए। त्यसैगरी समाजसेवी जितेन्द्र साहले मेसिन भाडा निःशुल्क गरि दिएका थिए। देउसी भैलो समूह गुजरा २ कटानिका युवाहरुको सक्रियतामा बोरिङ जडान गरिएको छ।

# सयौँ क्यूफिट सालको काठ बरामद

टुडे समाचारदाता

गौर । रौतहटमा वन तस्करी गरेको आरोपमा एक दर्जन बढी व्यक्ति पक्राउ परेका छन् । डिभिजन वन कार्यालय रौतहटले शनिवार सयौँ क्यूफिट सालको अवैध काठसहित एक दर्जन बढी व्यक्तिलाई पक्राउ गरेको छ।

डिभिजनका कार्यालयका अनुसार उनीहरुले साइकल लगायतका साधन प्रयोग गरेर काठ तस्कर गर्ने गरेको पाइएको छ। वन गस्ती टोलीले सक्रियता बढाएसँग तस्करहरुले नयाँ जुक्ति प्रयोग गरेर काठ तस्करी गर्ने गरेको डिभिजन कार्यालयले जनाएको छ।



राष्ट्रिय वनमा तस्कर प्रवेश गरेको भन्ने सूचनाका आधारमा गएको गस्ती (सुरक्षा) टोलीले साइकलसहित काठ बरामद गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्रकुमार मिश्रले जानकारी दिए । २ दिनअघि मात्र सशस्त्र प्रहरीको वन सुरक्षा गस्ती टोलीले रौतहटको बलेरी खोर जंगलबाट दुईवटा साइकल जोडेर लोड गरिएका सालको गोलिया बरामद गरेको थियो।

यसअघि गत साउन १५ गते सशस्त्रको वन सुरक्षा टोलीले यता ३९७ क्यूफिट सालको काठ बरामद गरेको थियो । सो अवधिमा काठ तस्करी र अवैध सिकारमा संलग्न १५ जना तस्करलाई पक्राउ गरिएको थियो। साथै काठ तस्करीमा प्रयोग गरिएको पिकअप भ्यान १ थान, ट्याक्टर १ थान, टायर गाडा २ थान, मोटरसाइकल १ थान र साइकल १४ थान बरामद भएको डिभिजन प्रमुख मिश्रले जानकारी दिए।

साउन यता पक्राउ परेका तस्करलाई कानुनी कारबाही गरी जरिवाना स्वरुप ६ लाख, १३ हजार १ सय २० रुपैयाँ राजश्व सङ्कलन गरिएको डिभिजन वन कार्यालय रौतहटका सहायक अधिकृत राजेश साहले जानकारी दिए।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११७१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८